# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७५
# सुदूरपश्चिम प्रदेश




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७५
# सुदूरपश्चिम प्रदेश

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## *Serving the Nation and the People*

### दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

### गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

### मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# सुदूरपश्चिम प्रदेश



# नेपालका महालेखापरीक्षक

बबरमहल, काठमाडौं
नेपाल


पत्रसंख्या : २०७५।७६
च.नं.: ६३

विषय: वार्षिक प्रतिवेदन

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
सुदूरपश्चिम प्रदेश, धनगढी ।

नेपालको संविधानको धारा २४१ बमोजिम सुदूरपश्चिम प्रदेशको आर्थिक वर्ष २०७४।७५ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा(३) बमोजिम वार्षिक प्रतिवेदन पेश गरेको छु ।

भवदीय,

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

आज्ञाले,

२०७५।१२।२९

(जीवन प्रसाद सुवेदी)
नायब महालेखापरीक्षक

# विषय-सूची


| परिच्छेद | | शीर्षक | पृष्ठ |
|---|---|---|---|
| **महालेखापरीक्षकको भनाइ** | | | |
| **प्रदेश सञ्चित कोष** | | | |
| **लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति** | | | |
| **परिच्छेद १:** | **लेखापरीक्षण गरिएका निकायको विवरण** | | १ |
| **परिच्छेद २:** | **लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति** | | ४ |
| **परिच्छेद ३:** | **मन्त्रालय र निकायगत व्यहोरा** | | ९ |
| | १. | प्रदेश सभा सचिवालय ........................................................................ | ९ |
| | २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ...................................................... | ११ |
| | ३. | आर्थिक मामिला तथा योजना मन्त्रालय ........................................................ | १३ |
| | ४. | आन्तरिक मामिला तथा कानुन मन्त्रालय ...................................................... | १६ |
| | ५. | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय .................................................. | १८ |
| | ६. | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय.................................................... | २० |
| | ७. | भौतिक पूर्वाधार विकासमन्त्रालय ................................................................ | २२ |
| | ८. | सामाजिक विकास मन्त्रालय ..................................................................... | २३ |
| | ९. | मुख्य न्यायाधिवक्ताको कार्यालय ................................................................. | २५ |
| **परिच्छेद ४:** | **प्रतिवेदन कार्यान्वयनको स्थिति.............................................................................** | | २६ |
| **परिच्छेद ५:** | **सुधारका क्षेत्रहरु..........................................................................................** | | २७ |
| **अनुसूचीहरु :** | १. | लेखापरीक्षण गरिएका कार्यालयहरुको विवरण.................................................. | २९ |
| | २. | लेखापरीक्षण रकम........................................................................... | ३० |
| | ३. | बेरुजू वर्गीकरण.............................................................................. | ३१ |
| | ४. | लेखाउत्तरदायी अधिकृतकरुको विवरण र सो अवधिको बेरुजू स्थिति...................... | ३२ |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४० मा राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा महालेखा परीक्षकको नियुक्ति गर्ने व्यवस्था छ । संविधानको धारा २४१ (१) मा राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल नेपाललगायतका सबै संघीय र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ ।

त्यसैगरी संविधानको धारा २४१(२) बमोजिम ५० प्रतिशत भन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्त गर्दा महालेखापरीक्षकसँग परामर्श गर्नुपर्ने र लेखापरीक्षण ऐन, २०७५ को दफा ३(ख) अनुसार नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण महालेखापरीक्षकबाट हुने व्यवस्था छ ।

लेखापरीक्षण ऐन, २०७५ को दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था तथा अन्य संघीय तथा प्रदेश कानुनहरु र महालेखापरीक्षकले जारी गरेका निर्देशक दस्तावेजहरु र सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाइ) र एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरुको संगठन(एसोसाई) द्वारा प्रतिपादित मानदण्डहरु र अन्य अन्तर्राष्ट्रिय असल अभ्यासहरुसमेत अनुशरण गर्दै वस्तुनिष्ठ हुने गरी तयार गरिएको छ ।

नेपालको संविधानको धारा २९४(३) मा संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने व्यवस्था छ । उल्लिखित व्यवस्था बमोजिम आर्थिक वर्ष २०७४/७५ को प्रदेशस्तरका कार्यालयको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन पेश गरेको छु । यो प्रतिवेदन प्रदेशस्तरको काम कारबाहीको प्रथम प्रतिवेदन हो । यसको सारांश महालेखापरीक्षकको छपन्नौं वार्षिक प्रतिवेदनमा पनि समावेश गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) बमोजिम महालेखापरीक्षकले प्रदेश प्रमुखसमक्ष वार्षिक प्रतिवेदन पेश गर्ने र सोही ऐनको दफा १९(५) बमोजिम उक्त प्रतिवेदन मुख्यमन्त्री मार्फत् प्रदेश सभामा पेश हुने व्यवस्था छ । सो अनुरुप प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु ।

लेखापरीक्षणको क्रममा म स्वयंले माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, माननीय मन्त्रीहरु तथा लेखाउत्तरदायी अधिकृतलगायत सरोकारवाला पक्षहरुसँग आवश्यक छलफलका साथै सूचना, राय, सुझाव संकलन गरी लेखापरीक्षणलाई गुणस्तरीय, परिणाममुखी एवं उद्देश्यमूलक बनाउने प्रयास गरेको छु । यस प्रतिवेदनमा सार्वजनिक निकायबाट प्रचलित कानुनको पालना, वित्तीय काम कारबाहीमा जवाफदेहिता वहन, अद्यावधिक लेखा, आर्थिक कारोबारको स्थिति, स्रोतको चुहावटबाट सरकारी हानी नोक्सानीको पहिचानजस्ता विषयलाई लेखापरीक्षणबाट निक्यौल गर्ने प्रयास गरिएको छ ।

यस वर्ष प्रदेश सरकारअन्तर्गत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित ७ मन्त्रालय, प्रदेश सभा सचिवालय, मुख्य न्यायाधिवक्ताको कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालय समेत १० निकायको संघीय सरकारबाट १ अर्व २ करोड ५ लाख अनुदान प्राप्त भई रु. २६ करोड १९ लाख ५ हजारको लेखापरीक्षण सम्पन्न भएकोमा ७ निकायमा रु. ५९ लाख ५९ हजार बेरुजू कायम भएको छ । यो बेरुजू कुल लेखापरीक्षण अंकको २.२८ प्रतिशत हुन आउँछ ।

आर्थिक वर्ष २०७४/७५ को प्रदेशअन्तर्गतका कार्यालयहरुको लेखापरीक्षणबाट मूलतः आवश्यकताअनुसार सबै कानून निर्माण हुन नसकेको, कतिपय कानुनी व्यवस्था संघीय कानुनसँग सामन्जस्य नभएको, दरबन्दीबमोजिम कर्मचारीको पदपूर्ति हुन नसकेको, संगठनात्मक संरचनामा दोहोरोपना देखिएको, आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा कर लगाउने र उठाउने गरी बजेटमा प्रस्ताव नभएको, बजेट वक्तव्यमा उल्लेख भएका कतिपय नीति तथा कार्यक्रम कार्यान्वयन नभएको, प्रतिस्पर्धाबेगर सोझै वस्तु तथा सेवा खरिद गरेको, प्रदेशस्थित

सरकारी सम्पत्तिको एकीकृत विवरण तयार नगरेको, निकायगत कार्यको प्रकृति अनुरुप आन्तरिक नियन्त्रण प्रणाली तयार नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता व्यहोराहरु देखिएका छन् ।

यस प्रतिवेदनमा संघीयता कार्यान्वयनका सन्दर्भमा देखिएका विषयहरु समावेश गरिएको छ । संघीय प्रणालीमा प्रदेशस्तरमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपि नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट प्रदेशस्तरको शासकीय व्यवस्था संचालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

प्रदेशको संरचनाले संघ र स्थानीय तहबीच समन्वय कायम गरी प्रदेश सरकारका आर्थिक क्रियाकलापमा वित्तीय अनुशासन कायम गर्न र उपलब्ध स्रोत साधनको अधिकतम् प्रयोग गर्दै विकास निर्माण, सेवा प्रवाह, रोजगारी सिर्जना जस्ता कार्यमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्नेछ । साथै प्रदेश सरकारले संघीय सरकारको अनुदानप्रतिको निर्भरतालाई क्रमशः घटाउँदै नेपालको संविधान बमोजिम आफ्नो कार्यक्षेत्र भित्र परेका स्थानीय श्रोत साधनमार्फत् आन्तरिक आय परिचालन गरी आत्मनिर्भर हुनेतर्फ प्रदेश सरकारका काम कारबाही निर्देशित हुने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्री तथा मन्त्रीज्यूहरु, माननीय प्रदेश सभामुखज्यू तथा उप-सभामुखज्यू र प्रदेश सभा सदस्यज्यूहरु, प्रदेश सरकारका सबै निकाय र पदाधिकारीहरुलगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

(टंकमणि शर्मा, दंगाल)

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

प.सं. : २०७५।७६
च.नं. : ६४

मिति : २०७५।१२।२७

विषय : सञ्चित कोष हिसाबको लेखापरीक्षण प्रतिवेदन ।

श्री सचिव,
आर्थिक मामिला तथा योजना मन्त्रालय,
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

१. **आर्थिक विवरणउपर प्रतिवेदन** : हामीले सुदूरपश्चिम प्रदेश सरकारको सञ्चित कोषको २०७५ आषाढ ३२ गते समाप्त भएको आर्थिक वर्षको आर्थिक विवरण र तत्सम्बन्धमा अपनाएका आधार तथा लेखा टिप्पणीको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. **आर्थिक विवरणउपर व्यवस्थापनको जिम्मेवारी** : प्रदेश सरकारको आर्थिक कार्यविधि ऐन, २०७४ अनुसार प्रदेश सञ्चित कोषको लेखा आवधिकरुपमा राख्ने तथा त्यसको वार्षिक विवरण तयार गर्ने, प्रदेश सञ्चित कोषको सञ्चालन गर्ने, एकीकृत लेखा राख्ने, वित्तीय विवरण तयार गर्ने, आर्थिक विवरण जालसाजी, त्रुटी र गलत आँकडारहित सारभूतरुपमा प्रस्तुतीकरण गर्ने, आन्तरिक नियन्त्रण प्रणाली बिकास गरी निरन्तर प्रभावकारी हुने गरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट गरी कार्यान्वयन गर्ने कार्य पर्दछन् ।

३. **लेखापरीक्षणको जिम्मेवारी** : हाम्रो जिम्मेवारी प्रस्तुत आर्थिक विवरणउपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपालको संविधान र लेखापरीक्षण ऐन, २०७५, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठनका आधारभूत लेखापरीक्षण सिद्धान्त, सरकारी लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनअनुसार व्यवसायिक आचार संहिताको पालना गर्ने र आर्थिक विवरण सारभूतरुपमा गलत आँकडा रहित प्रस्तुत भएको छ भन्ने कुरामा यथोचित आवश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदअनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

आर्थिक विवरणमा खुलासा गरिएका सूचनाका बारेमा पुष्ट्याई गर्ने, यथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण, आंशिक र छड्के परीक्षण गर्ने विषय लेखापरीक्षण कार्यविधिमा समावेश हुन्छ । लेखापरीक्षण कार्यविधिमा आर्थिक विवरण सारभूतरुपमा जालसाजी वा त्रुटि वा गलत आँकडा प्रस्तुति हुन सक्ने कुरालाई मध्यनजर राख्दै अवलम्बन गरिने लेखापरीक्षण जोखिमको मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षण जोखिमको मूल्याङ्कन गर्ने क्रममा निकायको आर्थिक विवरण तयारी तथा यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण व्यवस्था तथा उपयुक्तताबारेमा परीक्षण गरिएको भए तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । आर्थिक विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्ततालगायत आर्थिक विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्ने कार्य लेखापरीक्षणअन्तर्गत पर्दछ ।

४. **कैफियतसहितको राय व्यक्त गर्ने आधार** : कैफियतसहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा आर्थिक विवरणलाई सारभूत असर पर्ने व्यहोरा निम्नानुसार छन्:

४.१ प्रदेश सञ्चित कोषको आर्थिक विवरण तयार गर्ने र लेखा ढाँचा प्रचलित कानुनबमोजिम स्वीकृत गराएको छैन ।

४.२ यस वर्ष लेखापरीक्षणबाट रु.८ लाख २५ हजार अनियमित, रु ५१ लाख ३४ हजार प्रमाण कागजात पेश नभएको समेत रु.५९ लाख ५९ हजार बेरुजू देखिएको छ ।

४.३ प्रदेश सरकारको लागि रु. १ अर्ब २ करोड ५ लाख समानीकरण अनुदान प्राप्त भएकोमध्ये रु.२५ करोड ९८ लाख १७ हजार खर्च भै रु.७६ करोड ६ लाख ८३ हजार सञ्चित कोषमा बाँकी रहेको छ ।

४.४ ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र स्रोत सुनिश्चितता, राजस्व असुली, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाहलगायतका विषयमा कमी कमजोरी देखिएका छन् ।

५. **लेखापरीक्षणको राय** : हामीलाई उपलब्ध गराइएको स्रेस्ता, अभिलेख, सूचना, जानकारीका आधारमा हाम्रो रायमा उपरोक्त बुँदा नं. ४ मा उल्लेख भएका व्यहोराले पार्ने सारभूत असरबाहेक प्रदेश सरकारको सञ्चित कोषको आर्थिक विवरणले २०७५ आषाढ ३२ गते समाप्त भएको आर्थिक वर्षको आर्थिक कारोबारलाई नेपाल सरकारको लेखाप्रणालीअनुसार सही र यथार्थ चित्रण गर्दछ ।

(बाबुराम गौतम)
उप-महालेखापरीक्षक

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ र लेखापरीक्षण ऐन, २०७५ बमोजिम प्रत्येक कार्यालयले सबै प्रकारका आय व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ ।

२. **उद्देश्य -** सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्न तथा वित्तीय प्रतिवेदनउपर आश्वस्तता प्रदान गर्न लेखापरीक्षणले देहायअनुसार उद्देश्य राखिएको छ :

- आर्थिक विवरण तोकिएको ढाँचामा तयार गरी यथार्थस्थिति चित्रण गरेको,
- विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली एवं दाखिला गरेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानी नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएबमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको ।

३. **क्षेत्र -** यो वर्ष प्रदेश र मातहतका कार्यालय समेत १० निकायको २०७४।७५ को आर्थिक कारोबारको वित्तीय लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा कानुनको परिपालना विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्यांकन गर्न सूचना तथा तथ्याङ्कसमेत प्रयोग गरिएको छ ।

४. **पद्धति -** लेखापरीक्षण ऐन, २०७५ अनुशरण गरी लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण गर्दा जोखिम मूल्याङ्कनपश्चात् पहिचान भएका विषयको सन्दर्भमा परीक्षण एवं विश्लेषण गरी सान्दर्भिक र पर्याप्त प्रमाण सङ्कलन गर्न आवश्यकतानुसार नियन्त्रणको परीक्षण, सारभूत विश्लेषणात्मक कार्यविधि र विस्तृत परीक्षण कार्यविधि अवलम्बन गरिएको छ । लेखापरीक्षण योजना तथा कार्यक्रमको पूर्व जानकारी लेखाउत्तरदायी अधिकृतलाई गराइएको थियो । यस अलावा लेखापरीक्षणबाट देखिएका व्यहोराउपर सम्बन्धित निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको र सो उपर निकायबाट प्राप्त जवाफ प्रतिकृयासमेत लाई आधार मानी यो प्रतिवेदन तयास गरिएको छ ।

लेखापरीक्षणको क्रममा लेखाउत्तरदायी अधिकृत, कार्यालय प्रमुख, लेखा प्रमुख, नागरिक समाज, सम्बद्ध संस्था, पत्रकार, सञ्चारकर्मीबीच अन्तर्क्रिया र छलफल गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरिवेक्षण, स्थलगत निरीक्षण, लेखापरीक्षण सम्पन्न फाइल तथा प्रतिवेदनको पुनरावलोकन र छनौट भएका लेखापरीक्षण फाइलको गुणस्तर पुनरावलोकनसमेत गर्ने गरिएको छ । यसैगरि प्राविधिकलगायतका विषयमा राय प्रदान गर्न लेखापरीक्षण सल्लाहकार समिति गठन गरिएको र विभिन्न क्षेत्रका विषयविज्ञ तथा विशेषज्ञ नियुक्ति गरी लेखापरीक्षणमा संलग्न गराइएको छ ।

५. **वार्षिक प्रतिवेदन -** महालेखापरीक्षकले प्रत्येक प्रदेशको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयास गरी प्रदेश प्मुख सपक्ष पेश गर्न सक्ने नेपालको संविधानको धारा २९४(३) अनुसार यो प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा ५ परिच्छेद तथा ४ अनुसूची रहेका छन् । परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएका बेरूजूको स्थिति, परिच्छेद ३ मा मन्त्रालय र निकायगत व्यहोरा, परिच्छेद ४ मा प्रतिवेदन कार्यान्वयनको स्थिति र परिच्छेद ५ मा सुधारका क्षेत्रहरु उल्लेख गरिएको छ ।

# परिच्छेद – १

# लेखापरीक्षण गरिएका निकायको विवरण

## ● समष्टिगत लेखापरीक्षण

| लेखापरीक्षण गरिएका निकाय र विषय | संख्या | रकम (रु. हजारमा) |
|---|---|---|
| (क) वित्तीय लेखापरीक्षण | | |
| १. सरकारी कार्यालय | १० | २६१९०५ |
| **जम्मा** | १० | २६१९०५ |

यो वर्ष प्रदेश मातहतका १० निकायको रु.२६ करोड १९ लाख ५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण गरिएका कार्यालयहरुको विवरण **अनुसूची १** मा उल्लेख छ।

१. **सरकारी निकाय–** यो वर्ष १० सरकारी निकायको विनियोजन/राजस्व/धरौटी र अन्यतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न भएको छ:

(रु.हजारमा)

| क्र.सं. | कारोबार | लेखापरीक्षण सम्पन्न | | |
|---|---|---|---|---|
| | | २०७४।७५ को रकम | बक्यौता | जम्मा |
| १. | विनियोजन निकासा | २५९८१७ | ० | २५९८१७ |
| २. | राजस्व असुली | २७० | ० | २७० |
| ३. | धरौटी आम्दानी | १८१८ | ० | १८१८ |
| ४. | अन्य | ० | ० | ० |
| **जम्मा** | | **२६१९०५** | **०** | **२६१९०५** |

लेखापरीक्षण सम्पन्न र लेखापरीक्षण रकमको विवरण **अनुसूची २** मा उल्लेख छ।

२. **लेखापरीक्षण कार्यविधि –** यो वर्ष प्रदेश कार्यालयको लेखापरीक्षण गर्दा जोखिम विश्लेषणसहितको विस्तृत लेखापरीक्षण कार्यविधि अवलम्बन गरी सम्पन्न गरिएको छ।

## ● प्रदेश बजेट र राजस्वको कार्यान्वयनस्थिति

३. **प्रदेश बजेट तथा खर्च –** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७४।७५ को बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छ:

(रु. हजारमा)

| शीर्षक/क्षेत्र | २०७४।७५ को | | |
|---|---|---|---|
| | बजेट अनुमान | यथार्थ खर्च | प्रतिशत |
| चालु खर्च | ३००७७७ | १६५८१८ | ५५.०९ |
| पुँजीगत खर्च | १५५७०० | ९३९९९ | ६०.३७ |
| फिर्ता | २०० | ० | ० |
| भैपरी, (चालु र पुँजीगत) | ५५९३२३ | ० | |
| अर्थ विविध | ४५०० | ० | ० |
| **जम्मा** | **१०२०५००** | **२५९८१७** | **२५.४६** |

४. **खर्चको स्थिति –** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्षको कुल चालु र पुँजीगत खर्चमध्ये रकमको आधारमा बढी खर्च गर्ने निकायको खर्चको विवरण निम्नानुसार छ:

(रु. हजारमा)

| चालु खर्च | | | | पुँजीगत खर्च | | | |
|---|---|---|---|---|---|---|---|
| क.सं. | मन्त्रालय | रकम | खर्चको प्रतिशत | क.सं. | मन्त्रालय | रकम | खर्चको प्रतिशत |
| १ | सामाजिक विकास मन्त्रालय | ५१६८८ | ३१.१८ | १ | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | २४८२५ | २६.४१ |
| २ | प्रदेश सभा सचिवालय | ३७९८५ | २२.९० | २ | भौतिक पूर्वाधार विकासमन्त्रालय | १९०६९ | २०.२९ |
| ३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०२०४ | १२.१९ | ३ | प्रदेश सभा सचिवालय | १३००० | १३.८३ |
| ४ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १६२८८ | ९.८२ | ४ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ११४६२ | १२.१९ |
| ५ | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | ९१३२ | ५.५१ | ५ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ८६५७ | ९.२१ |
| ६ | आन्तरिक मामिला तथा कानुन मन्त्रलय | ९०९९ | ५.४९ | ६ | सामाजिक विकास मन्त्रालय | ७४०९ | ७.८८ |
| ७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ८२८६ | ५ | ७ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ४०६८ | ४.३३ |
| ८ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ६९०४ | ४.१६ | ८ | आन्तरिक मामिला तथा कानुन मन्त्रलय | ४०२२ | ४.२८ |
| ९ | प्रदेश लेखा नियन्त्रक कार्यालय | ५१२० | ३.०८ | ९ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १३३२ | १.४२ |
| १० | मुख्य न्यायाधिवक्ताको कार्यालय | १११२ | ०.६७ | १० | प्रदेश लेखा नियन्त्रक कार्यालय | १५५ | ०.१६ |
| | | **१६५८१८** | **१००** | | | ९३९९९ | १०० |

५. **स्रोतगत खर्च –** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७४।७५ को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रु. हजारमा)

| स्रोत | २०७४।७५ को | | अनुमानको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|
| | अनुमान | यथार्थ खर्च | |
| संघीय सरकार अनुदान | १०२०५०० | २५९८१७ | २५.४६ |
| **जम्मा** | **१०२०५००** | २५९८१७ | २५.४६ |

५.१. प्रदेश सरकारको कुल खर्च रु.२५ करोड ९८ लाख १७ हजार संघीय अनुदानबाट व्यहोरेको छ ।

५.२. चालुतर्फ रु.१६ करोड ५८ लाख १७ हजार खर्चमध्ये सञ्चित कोषमाथि कुनै रकम व्ययभार भएको छैन ।

६. **राजस्व असुली –** सरकार सञ्चालनको मुल आधार राजस्व संकलन र परिचालन भएतापनि २०७४।७५ मा प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्र भित्रको कुनैपनि विषयमा कर लगाउने र उठाउने सम्बन्धमा कुनै प्रस्ताव नगरेको कारण वार्षिक आय व्यय विवरण (बजेट) मा राजस्वको अनुमान समावेश गरेको छैन ।

६.१. प्रदेशले बनाएको कानुनबमोजिम कर लगाउने र उठाउने व्यवस्था छ । प्रदेशले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा कर लगाउन र ती स्रोतहरुबाट राजस्व उठाउन सक्नेसमेत व्यवस्था छ । प्रदेशलाई घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना कानुन बनाई कर तथा शुल्कका दर तोक्ने व्यवस्था छ । आर्थिक वर्ष २०७४।७५ मा पेश भएको बजेटमा प्रदेशबाट कर तथा शुल्क सम्बन्धमा केही उल्लेख गरेको छैन । प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४(३) अनुसार प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन कार्य संचालन गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयको रहेको परिप्रेक्ष्यमा २०७४।७५ को बजेट वक्तव्यमा आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्दा आन्तरिक श्रोत परिचालन गर्ने गरी प्रदेश आर्थिक विधेयक प्रस्तुत गर्ने गरी व्यवस्था मिलाउने गरी उल्लेख भएकोमा २०७४।७५ मा कर तथा गैह्र करसम्बन्धी ऐन तर्जुमा भएतापनि आर्थिक ऐन जारी भएको पाईएन । यद्यपि चालु वर्ष २०७५।७६ को बजेटमा आर्थिक ऐनसमेत जारी भै कार्यान्वयनमा आएको छ ।

७. **छलफल र अन्तरक्रियाः** महालेखापरीक्षकको २०७४।७५ को लेखापरीक्षण कार्यतालिकाअनुसार २०७५ मङ्सिरको पहिलो हप्तामा प्रदेश सरकारलगायत अन्य संघीय निकायको समेत लेखापरीक्षण सम्पन्न गर्न जिल्लाको कार्य बोझको आधारमा १ भन्दा बढी लेखापरीक्षण टोली खटाइएको थियो ।

यसै सिलसिलामा मिति २०७५।८।१६ मा महालेखापरीक्षकबाट सुदूरपश्चिम प्रदेशका प्रदेश प्रमुख र सभामुखसँग भेटघाट गरी आर्थिक अनुशासन कायम गरी विकास र सुशासन प्रवर्द्धन गर्नु प्रदेशका सम्पूर्ण निकायको लक्ष्य भएको सन्दर्भमा छलफल भएको थियो ।

प्रदेश मन्त्रिपरिषद्को सदस्यहरु तथा सचिवहरुसँग संघीय संरचनामा महालेखापरीक्षकको भूमिका, जवाफदेहिता र पारदर्शिता प्रवर्द्धनमार्फत सार्वजनिक सेवा प्रवाहमा सुधार सम्बन्धमा महालेखापरीक्षकले

सुझाव प्रस्तुत गर्नु भएको थियो भने मुख्यमन्त्री तथा प्रदेश मन्त्रालयका सचिव तथा मन्त्रीज्यूहरुबाट लेखापरीक्षणको सम्बन्धमा राखेका जिज्ञासा सम्बन्धमा छलफल भएको थियो ।

सोही दिन मुख्यमन्त्रीको उपस्थितिमा कैलाली जिल्ला स्थित सबै स्थानीय निकाय सरकारी निकायका कार्यालय प्रमुख र लेखा प्रमुखको अर्न्तक्रिया कार्यक्रम आयोजना गरी मुलुक संघीयतामा गएपछि सांगठनिक संरचनामा भएको परिवर्तनपश्चात निकायको सेवा प्रवाह, कार्यसम्पादनस्थिति र बेरुजू फछ्र्यौट सम्बन्धमा महालेखापरीक्षकबाट प्रष्ट पार्नुको साथै स्थानीय तहका जनप्रतिनिधिलाई आर्थिक प्रशासन, वित्तीय अनुशासन र जवाफदेहिताका सम्बन्धमा विशेष ध्यानाकर्षण गराइएको थियो ।

# परिच्छेद – २
# लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति

१. **बेरुजू -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २(ब) मा प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरेकोछ । प्रदेश कार्यालयअन्तर्गत यो वर्ष उपर्युक्त परिभाषाबमोजिम बेरुजू ठहरिने रकम देहायअनुसार रु.५९ लाख ५९ हजार रहेको छ:

(रु.हजारमा)

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | प्रदेश कार्यालयको बेरुजू | ५९५९ |
| | जम्मा | ५९५९ |

२. **बेरुजू वर्गीकरण** – यस कार्यालयले बेरुजू वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजूमा हिनामिना र मस्यौट, हानी नोक्सानी र अन्य असुल गर्नुपर्ने गरी ३ समूहमा, नियमित गर्नुपर्ने बेरुजूलाई अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा र पेश्कीलाई कर्मचारी, मोबिलाइजेसन, प्रतीतपत्र र संस्थागत पेस्की गरी ४ समूहमा वर्गीकरण गरेको छ । यो वर्ष प्रदेश कार्यालयतर्फ लेखापरीक्षणबाट औंल्याइएको बेरुजू अङ्क निम्नानुसार छ:

(रु. हजारमा)

| वर्गीकरण | सरकारी कार्यालय | कुल बेरुजूको प्रतिशत |
|---|---|---|
| **जम्मा बेरुजू** | **५९५९** | **१००** |
| **१. असुल गर्नुपर्ने** | **०** | **०** |
| **२. नियमित गर्नुपर्ने** | **८२५** | **१३.८४** |
| • अनियमित भएको | ० | ० |
| • प्रमाण कागजात पेस नभएको | ५१३४ | ८६.१६ |
| • जिम्मेवारी नसारेको | ० | ० |
| • शोधभर्ना नलिएको | ० | ० |
| **३. पेश्की** | **०** | **०** |
| • कर्मचारी पेश्की | ० | ० |
| • मोबिलाइजेसन पेश्की | ० | ० |
| • प्रतीतपत्र पेश्की | ० | ० |
| • संस्थागत पेश्की | ० | ० |

बेरुजू वर्गीकरणको विवरण अनुसूची– ३ मा उल्लेख छ ।

२.१ प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३७ मा लेखापरीक्षणबाट औंल्याइएको बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुलउपर गरी फछ्र्यौट गर्ने दायित्व सम्बन्धित कार्यालय प्रमुख र आर्थिक प्रशासन प्रमुखको हुने व्यवस्था गरेको छ । सोही ऐनको दफा ३५ मा औंल्याइएको बेरुजूको ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फछ्र्यौट गर्ने र फछ्र्यौट नगरेमा लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ । सोही व्यवस्थाबमोजिमको प्रक्रिया पूरा गर्दासमेत २०७४।७५ को बेरुजू फछ्र्यौट नभएकाले सो अवधिमा कार्यरत लेखाउत्तरदायी अधिकृतहरुको नामावली र बेरुजू रकम अनुसूची ४ मा समावेश गरिएको छ ।

२.२ सरकारी कार्यालयतर्फ यो वर्ष रकमगत आधारमा बढी बेरुजू हुने मन्त्रालय निम्नानुसार छन्:

(रु. हजारमा)

| क्र.सं. | मन्त्रालय | लेखापरीक्षण अङ्क | बेरुजू अङ्क | | | | कुल बेरुजूको प्रतिशत | ले.प.अङ्कको तुलनामा बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेश्की बाँकी | जम्मा | | |
| १. | सामाजिक विकास मन्त्रालय | ५९२८६ | ० | ४७७० | ० | ४७७० | ८०.०५ | ८.०४ |
| २. | प्रदेश सभा सचिवालय | ५१५१७ | ० | ६६७ | ० | ६६७ | ११.१९ | १.२९ |
| ३. | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | ३४०५० | ० | ३०१ | ० | ३०१ | ५.०५ | ०.८८ |
| ४. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २८८६१ | ० | ८० | ० | ८० | १.३४ | ०.२८ |
| ५. | आन्तरिक मामिला तथा कानुन मन्त्रलय | १३३७० | ० | ६९ | ० | ६९ | १.१६ | ०.५१ |
| ६. | आर्थिक मामिला तथा योजना मन्त्रालय | ११२२४ | ० | ५८ | ० | ५८ | ०.९७ | ०.५१ |
| ७. | भौतिक पूर्वाधार विकास मन्त्रालय | २८०३३ | ० | १४ | ० | १४ | ०.२४ | ०.०५ |
| ८. | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | २७८४५ | ० | ० | ० | ० | ० | ० |
| ९. | मुख्य न्यायाधिवक्ताको कार्यालय | २४४४ | ० | ० | ० | ० | ० | ० |
| १०. | प्रदेश लेखा नियन्त्रक कार्यालय | ५२७५ | ० | ० | ० | ० | ० | ० |
| | **जम्मा** | **२६१९०५** | | **५९५९** | | **५९५९** | **१००** | **२.२८** |

२.३ यो वर्ष १० प्रदेश कार्यालयको लेखापरीक्षण गरेकोमा ३ कार्यालय (३० प्रतिशत) मा लगती बेरुजू देखिएन ।

२.४ यो वर्ष १० प्रदेश कार्यालयको १०५ दफा बेरुजू देखिएकोमा ९५ दफा सैद्धान्तिक र १० दफा लगती बेरुजू कायम भएको छ ।

२.५ प्रदेश कार्यालयतर्फ समग्रमा यो वर्षको लेखापरीक्षण र बेरुजू अङ्कको तुलनात्मकस्थिति निम्नानुसार छः

(रु. हजारमा)

| प्रतिवेदन | लेखापरीक्षण अङ्क | बेरुजू अङ्क | प्रतिशत | पेश्कीबाहेकको बेरुजू | पेश्की बाहेकको बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|
| पहिलो | २६१९०५ | ५९५९ | २.२८ | ५९५९ | २.२८ |

प्रदेश कार्यालयको निकायगत लेखाउत्तरदायी अधिकृत र बेरुजूको विवरण अनुसूची ४ मा रहेको छ ।

३. **बेरुजू न्यूनीकरण -** प्रदेश सरकारको आर्थिक कारोबारमा महालेखापरीक्षकबाट औंल्याइएको त्रुटीलाई सुधार गरी आर्थिक अनुशासनको स्थिति मजबुत बनाउनु पर्दछ । प्रदेश कार्यालयहरु स्थापनाको सुरुवाती चरणमा रहेकाले आन्तरिक नियन्त्रण प्रणाली स्थापना, प्रभावकारी आन्तरिक लेखापरीक्षण, आर्थिक कार्यविधि, खरिदलगायतका कानुनमा रहेका जटिलता र अपर्याप्तता एवं पालनामा कमी, कमजोरीको अनुगमन तथा नियमन र कर्मचारीतन्त्रमा जिम्मेवारी वहनको स्थितिमा बढोत्तरीमार्फत सुरु देखिनै बेरुजू न्यूनीकरणमा ध्यान दिनु पर्दछ ।

## लेखापरीक्षणबाट देखिएका समग्र व्यहोरा

४. **कानुन निर्माणः** प्रदेश सरकारबाट जारी गर्नुपर्ने सबै ऐन, कानुन प्राथमिकताको आधारमा तयार गरी प्रदेश सभामा प्रस्तुत गरी पारित गराउनु पर्दछ । आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट प्राप्त विवरणअनुसार विभिन्न मन्त्रालयको लागि नयाँ कानुन निर्माण गर्न पहिचान र प्राथमिकता निर्धारण गरेको देखिएन । निर्माण गनुपर्ने गरी प्राथमिकता निर्धारण नगरेको भएतापनि लेखपरीक्षण अवधि २०७५ मङ्सिरसम्म विभिन्न १८ कानुन निर्माण भई प्रदेश संसदमा पेश भएकोमा १७ पारित भएको र १ पारित हुन बाँकी रहेको देखिन्छ । प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्न आवश्यक पर्ने कानुन यथाशीघ्र निर्माण गर्नु पर्दछ ।

५. **कानुनमा सामजस्यताः** प्रदेश सरकारले संघीय कानुनसँग सामन्जस्य हुने गरी कानुन निर्माण गर्नुपर्नेमा केही असमान्जस्यता देखिने गरेको छ । उदाहरणको लागि प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३८(१) मा लेखापरीक्षणको प्रतिवेदनमा दर्शाइएका बेरुजू नियमित, असुलउपर तथा सम्परीक्षण गरी फछ्र्यौट गर्ने गराउने जिम्मेवारी सम्बन्धित लेखाउत्तरदायी अधिकृतको हुने देखिन्छ । सोही ऐनको दफा ३८(२) मा लेखापरीक्षणबाट दर्शाइएका बेरुजू सम्बन्धित लेखा उत्तरदायी अधिकृतबाट नियमित, फछ्र्यौट तथा सम्परीक्षण हुने र दफा ३८(५)मा सो कार्यको अनुगमन महालेखापरीक्षकको कार्यालयले गर्ने व्यवस्था गरेको पाइयो । उक्त व्यवस्था आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १८ मा बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने तथा यसरी फछ्र्यौट भएको व्यहोरा दफा १९(१) बमोजिम महालेखापरीक्षकको

कार्यालयबाट सम्परीक्षण गराउनु पर्ने व्यवस्थाभन्दा भिन्न रहेको र सम्परीक्षण लेखापरीक्षणकै अंग भएकोले सम्परीक्षणको कार्य सम्बन्धित लेखाउत्तरदायी अधिकृतहुने व्यवस्था उचित नभएकोले यसमा पुनरावलोकन हुनुपर्ने देखिन्छ ।

६. **संगठन र कर्मचारी व्यवस्थापन:** प्रदेश सरकारलाई कार्य सम्पादन गर्न आवश्यक संगठन र कर्मचारीको व्यवस्था हुनुपर्दछ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट प्राप्त जानकारीअनुसार लेखापरीक्षण अवधिसम्म यस प्रदेशमा, प्रदेश सभा सचिवालय, मन्त्रालय र ती अन्तर्गत १०१ कार्यालयहरु रहेका छन् । ती निकायहरुको लागि २ हजार ७९२ दरबन्दी स्वीकृत भई १ हजार ४५५ समायोजन भएका छन् । यस सम्बन्धमा निम्नानुसार देखिएको छ:

६.१ उद्योग , पर्यटन, वन तथा वातावरण मन्त्रालयले मातहत सम्पूर्ण कार्यालयहरुको दरबन्दी र पदपूर्तिस्थिति अद्यावधिक गरेको छैन । त्यस्तै सामाजिक विकास मन्त्रालयअन्तर्गत १० कार्यालयको दरबन्दी र पदपूर्ति स्थिति अद्यावधिक गरेको छैन । यसरी कतिपय कार्यालयहरुको दरवन्दीसमेत स्वीकृत नगरेको र दरबन्दी स्वीकृत गरेको स्थितिमा उपर्युक्त अनुसार ५२.११ प्रतिशत मात्र पदपूर्ति भएको अवस्थामा प्रदेश सरकारको कार्य सम्पादन तथा सेवा प्रवाह प्रभावकारी हुने देखिएन ।

६.२ प्रदेशका विभिन्न १० निकायको लागि ४२६ दरबन्दी स्वीकृत भएकोमा २४६ अर्थात् ५७.७५ प्रतिशत मात्र पदपूर्ति भई १८० दरबन्दी रिक्त रहेको एवं निकाय मातहतका ९१ कार्यालयको लागि २ हजार ३६६ दरबन्दी स्वीकृत भएकोमा १ हजार २०९ पदपूर्ति भएको देखिन्छ । साथै कतिपय कार्यालयहरु पूर्ण रुपमा सञ्चालनमा आई नसकेकोले कार्यालगत दरबन्दी, पदपूर्ति र रिक्तको अवस्था सम्बन्धमा जानकारी प्राप्त हुन सकेन । उक्त विवरण अद्यावधिक गर्दै स्वीकृत दरबन्दी बमोजिम पदपूर्ति गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनु पर्दछ ।

७. **कार्यालय स्थापना** : स्थानीय तहमा हस्तान्तरण भएका कृषि तथा स्वास्थ्य कार्यालय प्रदेशअन्तर्गत कृषि ज्ञान केन्द्र र स्वास्थ्य कार्यालयको रुपमा स्थापना भएको सन्दर्भमा कार्यालयहरु खप्टिने, दोहोरिने र टुक्रिने कार्य संख्यात्मकभन्दा कामको आवश्यकताअनुसार हुनुपर्दछ । संघ र प्रदेश दुबैले एउटै प्रकृतिको कार्य (जस्तै सडक निर्माण तथा पूर्वाधारसम्वन्धी कार्य) गर्न संघले डिभिजन सडक कार्यालय र प्रदेशले पूर्वाधार विकास कार्यालय स्थापना गरेको, साविकमा जिल्लास्तरमा रहेका विषयगत कार्यालयहरु स्थानीय तहमा हस्तान्तरण भएकोमा सोही प्रकृतिको कार्य गर्न प्रदेश सरकारले कृषि, घरेलु, स्वास्थ्यलगायतका कार्यालय स्थापना गरेको, केन्द्रीय सरकारले खारेज गरेको क्षेत्रीय निर्देशनालयहरु प्रदेश सरकारले पुनः स्थापना गरेको आदि अवस्था देखिएकोले खर्चमा मितव्ययीता हुने देखिएन । साथै कार्यमा समेत दोहोरोपन हुने देखिँदा दोहोरोपन नहुनेगरी कार्यालयको स्थापना र सञ्चालन गर्नुपर्दछ ।

८. **बजेट कार्यान्वयन:** प्रदेश अर्थमन्त्रीले आगामी आर्थिक वर्षको प्रदेश सरकारको राजस्व र व्ययको अनुमान प्रत्येक वर्ष आषाढ महिनाको १ गते प्रदेश सभामा पेश गर्नुपर्ने र सो को साथमा राजस्व संकलन, मध्यकालीन खर्च संरचना, अनुदान, सार्वजनिक ऋण र लगानी सम्बन्धित नीतिगत व्यवस्था सहितको बजेट अनुमानसमेत  गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७४।७५ को आय व्ययको अनुमान २०७५ वैशाख ९ गते प्रदेश सभामा पेश गरेको देखिन्छ । प्रदेश सरकारको २०७४।७५ वार्षिक बजेट र सोको कार्यान्वयनस्थिति विश्लेषण गर्दा निम्नानुसार देखिएको छ:

८.१ सरकार सञ्चालनको मुल आधार राजस्व संकलन र परिचालन भएतापनि २०७४।७५ मा प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रभित्रको कुनैपनि विषयमा कर लगाउने र उठाउने सम्बन्धमा प्रस्ताव नगरेको कारण वार्षिक आय व्यय विवरण (बजेट) मा राजस्वको अनुमान समावेश गरेको पाइएन । यस आर्थिक वर्षमा प्रदेश सरकारको आम्दानीको स्रोत नेपाल सरकारबाट प्राप्त हुने समानीकरण अनुदानमात्र रहेको देखियो । जस अनुसार संघीय सरकारबाट प्राप्त हुने अनुदान रु.१ अर्ब २ करोड ५ लाख प्रदेश सरकारको कुल बजेट रहेको देखिन्छ । विनियोजनमध्ये रु.५६ करोड ३८ लाख २३ हजार अर्थात् ५५.२५ प्रतिशत भैपरि आउने र अर्थ बजेट व्यवस्था गरेकोमा सो रकम बाँडफाँड भई खर्च भएको देखिएन । वर्षभरिमा रु.२५ करोड ९८ लाख १७ हजार बजेट खर्च भई रु.७६ करोड ६ लाख ८३ हजार बजेट बचत हुन गएको छ । नयाँ स्थापना भएका मन्त्रालय लगायतका संरचनाहरुले बजेटमा प्रस्ताव गरे अनुसारका कार्यक्रमहरु कार्यान्वयन गर्न नसकेको एवं वार्षिक बजेटको उल्लेखनीय हिस्सा अर्थ बजेटको रुपमा राखिएकोमा सोको परिचालन नभएको कारण प्रस्तावित बजेटको २५.४६ प्रतिशतमात्र खर्च भएको देखिन्छ ।

८.२ यस आर्थिक वर्षको लागि रु.१ अर्ब २ करोड ५ लाख विनियोजन भएकोमध्ये चालु खर्चतर्फ रु.८४ करोड ३४ लाख अर्थात् ८२.६५ प्रतिशत र पुँजिगततर्फ रु.१७ करोड ७१ लाख अर्थात् १७.३५ प्रतिशत रहेको देखिन्छ। उक्त विनियोजनमध्ये रु.२५ करोड ९८ लाख १७ हजार खर्च भएकोमा चालुतर्फ रु.१६ करोड ५८ लाख १८ हजार अर्थात् १९.६६ प्रतिशत र पुँजिगततर्फ रु.९ करोड ३९ लाख ९९ हजार अर्थात् ५३.०८ प्रतिशतमात्र खर्च भएको पाइयो। प्रदेश मन्त्रालय र निकायहरु यसै आर्थिक वर्षमा स्थापना भएका कारण ती नियकायको स्थापना र सञ्चालनको लागि चालु खर्च बढी हुने भएतापनि यस्तो खर्चलाई न्यूनतम राख्न सुरुदेखि नै सरकारी खर्चमा मितव्ययिताको नीति अवलम्बन गर्नुपर्दछ।

८.३ बजेटमा समावेश भएको नीति एवं कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा प्रदेश सरकारको आर्थिक व्यवस्थापनको लागि २०७४।७५ को आय व्यय अनुमान (बजेट बक्तव्य) मा उल्लेख भएबमोजिम जैविक विषादीको प्रयोगलाई प्रोत्साहन गरी खाद्यान्न, तरकारी एवं फलफूलमा प्रयोग हुने विषादी नियन्त्रण नीति निर्माण, भूमि व्यवस्थाको समग्रस्थितिको पहिचान गरी वैज्ञानिक भूमि व्यवस्थापन र एकीकृत अभिलेख राख्ने कार्य, ग्रामीण क्षेत्रमा केन्द्रीत एकीकृत बस्ती विकास योजनाको थालनी, जलविद्युत विकासको लागि जलविद्युत विकास कम्पनीको स्थापना, प्रदेश गौरवका आयोजनाको छनौट, प्रदेशस्तरको सूचनाहरुलाई एकीकृत गर्ने कार्य, प्रदेशस्तरीय विपद् व्यवस्थापन कोष, युवा वैज्ञानिक कोष र प्रदेश बाल उद्धार कोषको स्थापनासम्बन्धी कार्य कार्यान्वयन भएको देखिएन। बजेटमा समावेश नीति तथा कार्यक्रम कार्यान्वयन हुन नसेकेको अवस्थामा बजेटको प्रभावकारिता कायम नहुने हुँदा बजेटमा समावेश कार्यक्रमको कार्यान्वयन गर्नु पर्दछ।

९. **सेवा प्रवाहः** राज्यबाट जनताले पाउने सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउने उद्देश्यले अङ्गीकार गरिएको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्नु पर्दछ। प्रदेश सरकार सञ्चालन गर्न विभिन्न मन्त्रालयको लागि नयाँ बनाउने कानुन पहिचान गरिएको छैन। हालसम्म १८ कानुन मात्र निर्माण भएको र सोमध्ये १ कानुन प्रदेश सभाबाट पारित हुन बाँकी रहेको, प्रदेश अन्तर्गतका १० निकायमा स्वीकृत दरबन्दीमध्ये १८० पद रिक्त रहको, निकायअन्तर्गतका ९१ कार्यालयहरु स्थापना गर्नेगरी ती कार्यालयको लागि २ हजार ३६६ दरबन्दी स्वीकृत भएकोमा उक्त दरबन्दी पूर्णरुपमा पदपूर्ति भई कार्यालयहरु सञ्चालनमा आउन बाँकी रहेको देखिन्छ।

यो वर्षको कुल वार्षिक बजेटको २५.४६ प्रतिशतमात्र खर्च भएको, विभिन्न मन्त्रालयको लागि निर्धारण गरिएको वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर रहेको, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा अन्य मन्त्रालयहरुले निर्माण गर्नुपर्ने प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारणलगायत सेवा प्रवाहलाई नियमित र व्यवस्थित गर्ने नीति, मापदण्ड एवं कार्यविधि निर्माणको कार्य बाँकी रहेको एवं सेवाग्राही सन्तुष्टी तथा सेवा प्रवाहको अनुगमनलगायतको कार्य हुन बाँकी रहेको कारण प्रदेश सरकारबाट अपेक्षितरुपमा सेवा प्रवाह हुन सकेको पाइएन। प्रदेश सरकारको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनु पर्दछ।

१०. **सोझै खरीद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) अनुसार सार्वजनिक निकायले दश लाख रुपैँयाभन्दा बढी लागत अनुमान भएको मालसामान वा सेवा खरिद गर्दा वा बीस लाख रुपैँयाभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य गराउँदा बोलपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक तरिका अपनाई खरिद गर्नुपर्दछ यो वर्ष स्वीकृत भएको पुँजिगत बजेटबाट फर्निचर, मेशिनरी औजार तथा पुँजिगत निर्माण सुधारमा खरिदकार्य गरेकोमा सिलबन्दी दरभाउपत्र वा बोलपत्र सम्बन्धी कारबाही नगरी प्रदेश सभा सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय र सामाजिक विकास मन्त्रालयले रु. ३ करोड ४७ लाख ६६ हजारको सोझै खरीद कार्य गरेको देखिन्छ। सार्वजनिक खरीद ऐन वा नियमावली बमोजिम बोलपत्रको माध्यमबाट पर्याप्त प्रतिस्पर्धा हुने गरी मितव्ययी तरिकाबाट खरिद कार्य गर्नुपर्दछ।

११. **आन्तरिक नियन्त्रणः** आन्तरिक नियन्त्रणसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन प्रदेशमन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गरीने कार्य मितव्ययी ,कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुनबमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्दछ। प्रदेश अन्तर्गतका निकायहरुले कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरेका छैनन्।

१२. **वित्तीय जवाफदेहिता** - सार्वजनिक निकायले विभिन्न ऐन कानुन एवं कार्यविधिमा भएको व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ । व्यवस्थापकीय, वित्तीय व्यवस्थापन, सेवा प्रवाह र खरिद व्यवस्थापन पक्षसँग सम्बन्धित विभिन्न २० सूचकको आधारमा प्रदेश तहका निकायहरुको वित्तीय जवाफदेहिता मूल्यांकन गर्दा थप सुधार गर्दै जानुपर्ने देखिएको छ ।

# परिच्छेद-३
# मन्त्रालय र निकायगत व्यहोरा

## प्रदेश सभा सचिवालय

संविधानले लिएका उद्देश्यहरु हासिल गर्नका लागि प्रदेश सभाले विधायिकी सरकार गठन तथा नियन्त्रण गर्ने प्रयोजनको लागि २०७४।१०।१६ मा प्रदेश सभाका सदस्यहरुको सपथग्रहण भएसँगै प्रदेश संसदको काम कारबाहीमा सहयोग गर्न २०७४।१०।१७ मा प्रदेश सभा सचिवालय गठन भएको छ ।

यो वर्ष विनियोजन रु.५ करोड ९ लाख ८६ हजार, राजस्व रु.१२ हजार, धरौटी रु.५ लाख १९ हजार समेत रु.५ करोड १५ लाख १७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **दरबन्दी र पदपूर्ति -** कार्यालयलाई तोकेको जिम्मेवारी पुरा गर्न आवश्यकतानुसार कर्मचारीको दरबन्दी स्वीकृत गरी पदुपूर्ति हुनुपर्नेमा सचिवालयको स्वीकृत दरबन्दी ३६ रहेकोमा २३ पदपूर्ति भएको देखिन्छ । पदपूर्तिमध्ये १९ स्थायी र ४ करारमा कार्यरत रहेका छन । दरबन्दीबमोजिम पदपूर्ति हुनुपर्दछ ।

२. **सोझै खरिद -** सचिवलायको लागि रु.१ करोड ७२ लाख पूँजीगत बजेट प्राप्त भएकोमा रु.१ करोड ३० लाख खर्च भएको देखिन्छ । उक्त खर्चमध्ये फर्निचर रु.३४ लाख ८१ हजार, सवारी साधान रु.९ लाख ८८ हजार र कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेशिनलगायतको मेशिनरी औजार रु.४६ लाख ६९ हजार र सार्वजनिक निर्माण रु ३७ लाख ८१ हजारको खरिद भएको छ । उक्त खरिदमध्ये सवारी साधन क्याटलग सपिङ्ग विधिबाट, ए.सी. थान ५ सिलबन्दी दरभाउपत्र बाट र फर्निचर एवं मेशिनरी औजार सोझै खरिद गरेको देखिन्छ । सार्वजनिक खरिद ऐन र नियमावलीबमोजिम बोलपत्रको माध्यमबाट पर्याप्त प्रतिस्पर्धा हुने गरी मितव्ययी तरिकाबाट खरिद कार्य गर्नुपर्दछ ।

३. **मासिक सुविधा -** यो वर्ष प्रदेश सभाका सभामुख, उपसभामुख तथा सदस्यको पारिश्रमिक र सुबिधा तोक्ने सम्बन्धी मन्त्रिपरिषद्को आदेश, २०७५ बमोजिम मासिक सुविधा भुक्तानी गरेको देखिन्छ ।

| सुविधाको किसिम | इकाई दर | सभामुख | विपक्षी दलका नेता, उप सभामुख | सत्तापक्षको प्रमुख सचेतक र सभापति | विपक्षी दलको सचेतक | सदस्य |
|---|---|---|---|---|---|---|
| पारिश्रमिक | मासिक रु. | ५३००० | ५०००० | ४८००० | ४८००० | ४५००० |
| बैठक भत्ता | प्रति दिन रु. | ७५० | ७५० | ७५० | ७५० | ७५० |
| सञ्चार सुविधा र पत्रपत्रिका | मासिक रु. | १५०० | १५०० | १५०० | १५०० | १५०० |
| आवास सुविधा | मासिक रु. | आवास दिने | १२००० | १२००० | १२००० | १२००० |
| फर्निचर ५ वर्षमा एक पटक | एकमुष्ठ | १५००० | १५००० | १५००० | १५००० | १५००० |
| निजी सचिवालय बन्दोबस्त | मासिक रु. | ४००० | ३२५० | १७५० | १२०० | ०० |
| सवारी इन्धन | प्रतिमहिना लि. | १२५ | १०० | १०० | १०० | ०० |
| मोविल | त्रैमासिक लि | १० | ५ | ५ | ५ | ०० |
| धारा बिजुली | मासिक रु. | – | १५०० | १५०० | १५०० | १५०० |
| दैनिक भत्ता | प्रतिदिन रु. | २५०० | २००० | २००० | २००० | २००० |
| यात्रा वीमा | प्रतियात्रा रु. | ०० | ०० | ०० | ०० | ०० |

४. **घर भाडा** :संघीय अर्थ मन्त्रीस्तरको २०७४।१०।२९ को निर्णयानुसार प्रदेश सभाका पदाधिकारी तथा सदस्यले पाउने घरभाडा सुविधाको सम्बन्धमा १५ किलोमिटरसम्म वा नगरपालिकाभन्दा बाहिर आफ्नो निजी आवास भएमा आवास सुविधा उपलब्ध गराउने व्यवस्था छ । सचिवालयले यस वर्ष २०७४ माघदेखि २०७५ आषाढसम्म ४५ जना प्रदेशसभाका पदाधिकारी तथा सदस्यहरुलाई रु. ३१ लाख ९२ हजार घर भाडा वितरण गरेको छ । सचिवालयले घर भाडा उपलब्ध गराउँदा पदाधिकारी एवं सदस्यहरुको आवास भएको स्थान यकिन गरी सोको अभिलेख राखी वितरण गर्नुपर्नेमा अभिलेख राखेको देखिएन ।

५. **प्रोत्साहन भत्ता :** प्रदेश सभा नियमावली, २०७४ प्रदेश सभाबाट २०७४/११/२६ मा पारित भई सोही मितिवाट प्रारम्भ भएकोमा सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिले नियमावली पारित हुनुभन्दा अगाडिको मिति (२०७४/१०/२१) देखि प्रोत्साहन भत्ता दिने निर्णय गरी २०७४/१०/२१ देखि २०७४/११/२५ सम्म ९५ जना

६. कर्मचारीहरुलाई रु.६ लाख ६७ हजार प्रोत्साहन भत्ता वितरण गरेको छ। नियमावली पारित भएको मितिभन्दा अगाडिको सुविधा वितरण गरिएको नियमित देखिएन ।

७. **आन्तरिक नियन्त्रण -** आन्तरिक नियन्त्रणसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन प्रदेश सभाबाट सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुन बमोजिम कार्य सम्पादन गर्न कार्यप्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । आफ्नो कामको प्रकृतिअनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ ।

८. **लेखापरीक्षण प्रतिवेदन छलफल-** नेपालको संविधानको धारा २९४(३) बमोजिम संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारवाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने उल्लेख छ। यस व्यबस्थाअनुसार महालेखा परीक्षकले प्रदेश प्रमुखलाई पेश गर्ने प्रतिवेदन प्रदेश सभाको लेखा समितिमा छलफल हुनुपर्नेमा प्रदेश सभा नियमावली, २०७४ को नियम १४८ मा उल्लेख भएको सार्वजनिक लेखा समितिको कार्यक्षेत्रमा महालेखा परीक्षकको प्रतिवेदन समावेश भएको देखिएन ।

- **बेरुजू स्थिति –** सचिवालयको यो वर्ष रु.६ लाख ६७ हजार बेरुजू देखिएको छ । यससम्बन्धी विवरण **अनुसूची-३** मा रहेको छ ।

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र संचालन गर्ने, प्रदेश मन्त्रिपरिषदमा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण गर्ने र प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन गर्ने उद्देश्यले यस कार्यालयको २०७४।१०।१४ मा स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.२ करोड ८८ लाख ६१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कार्य सम्पादनस्थिति -** विभिन्न मन्त्रालयहरुको लागि हालसम्म १८ प्रकारको विधेयक तयार गरेकोमध्ये १७ विधेयक प्रदेश सभाबाट पारित भएको एवं विभिन्न १४ प्रकारका नियमावली र कार्यविधि निर्माण भएको देखिन्छ । प्रदेशको लागि आवश्यक सम्पूर्ण कानुन, नियमावली एवं कार्यविधि यथाशीघ्र निर्माण गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

२. **कार्य जिम्मवारी -** मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलयले सम्पादन गर्नुपर्ने गरी विभिन्न कार्य जिम्मेवारीहरु तोकिएकोमध्ये प्रदेश सरकारको नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्यांकन, प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन एवं प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टी तथा सेवा प्रवाहको अनुगमनलगायतको कार्य हुन बाँकी रहेको देखिन्छ । कार्यालय स्थापना भएको छोटो समयमा उक्त कार्य सम्पन्न गर्न नसकिएको र आवश्यकताअनुसार तयार गरी कार्यन्वयन गर्दै लगिने कार्यालयको भनाई रहेको छ ।

३. **सेवा प्रवाह र मापदण्ड :** राज्यबाट जनताले पाउने सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउने उद्देश्यले अङ्गीकार गरिएको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ । प्रदेश सरकार सञ्चालन गर्न विभिन्न मन्त्रालयहरुको लागि नयाँ कानुन पहिचान गरी कानुन निर्माण गर्नुपर्नेमा यस कार्यालयबाट निर्माण गर्ने कानुनको पहिचान गरी अभिलेख राखिएको देखिएन । हालसम्म १८ प्रकारको विधेयक तयार गरेकोमध्ये १७ विधेयक प्रदेश सभाबाट पारित भएको एवं विभिन्न १४ प्रकारका नियमावली र कार्यविधि निर्माण भएको देखिन्छ । प्रदेशको लागि आवश्यक सम्पूर्ण कानुन एवं कार्यविधि यथाशीघ्र निर्माण गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । यस कार्यालयअन्तर्गत स्वीकृत दरबन्दी ५२ रहेकोमा २६ पदमात्र पदपूर्ति भएको देखिन्छ । स्वीकृत दरबन्दी पदपूर्ति हुन नसकेको कारण कार्यालयको कार्य सम्पादनमा असर पर्ने अवस्था रहेको देखिन्छ । कार्यालयले प्रदेश स्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण लगायत सेवा प्रवाहलाई नियमित र व्यवस्थित गर्ने नीति, मापदण्ड एवं कार्यविधि निर्माणको कार्य बाँकी रहेको एवं सेवाग्राही सन्तुष्टी तथा सेवा प्रवाहको अनुगमनलगायतको कार्य हुन बाँकी रहेको कारण प्रदेश सरकारबाट अपेक्षित रुपमा सेवा प्रवाह हुन सकेको देखिएन । प्रदेश सरकारको संस्थागत, प्राविधिक र श्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रवाभकारी बनाउनु पर्दछ ।

४. **मुख्यमन्त्री तथा मन्त्रीको सुविधा:** यो वर्ष प्रदेशले मुख्यमन्त्री तथा मन्त्रीको सुविधा निम्नबमोजिम मासिक भुक्तानी गरेको देखिन्छ:

| सुविधाको किसिम | इकाई दर | मुख्य मन्त्री | मन्त्री | राज्य मन्त्री | सहायक मन्त्री |
|---|---|---|---|---|---|
| पारिश्रमिक | मासिक रु. | ६०,९७०/- | ५२,०००/- | - | - |
| आवास सुविधा | मासिक रु. | आवास सुविधा उपलब्ध गराएको | सरकारी आवास दिने | - | - |
| फर्निचर | एकमुष्ट रु. | - | - | - | - |
| सवारी | वटा | २ | १ | - | - |
| सवारी इन्धन | मासिक लिटर | १५० | १२५ | - | - |
| मोविल | त्रैमासिक लिटर | - | - | - | - |
| सञ्चार सुविधा | प्रतिमहिना रु. | २,०००/- | २,०००/- | - | - |
| धारा बिजुली | प्रतिमहिना रु. | - | २०००/- | - | - |
| दैनिक भत्ता (स्वदेश ) | प्रतिदिन रु. | २,५००/- | २,०००/- | - | - |
| दैनिक भत्ता (विदेश ) | प्रतिदिन यु.एस.डलर | - | - | - | - |
| अतिथि सत्कार | प्रतिदिन रु. | - | - | - | - |

५. **सोझै खरिद -** मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लागि रु.८८ लाख पुँजीगत बजेट प्राप्त भएकोमा रु ८६ लाख ५७ हजार खर्च भएको देखिन्छ। उक्त खर्चमध्ये फर्निचर रु.२५ लाख, सवारी साधान रु.९ लाख ६७ हजार र कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेशिनलगायतको मेशिनरी औजार रु.३३ लाखको खरिद भएको छ। उक्त खरिदमध्ये सवारी साधन क्याटलग सपिङ्ग विधिबाट र फर्निचर एवं मेशिनरी औजार सोझै खरिद गरेको देखिन्छ। सार्वजनिक खरिद ऐन र नियमावलीबमोजिम बोलपत्रको माध्यमबाट पर्याप्त प्रतिस्पर्धा हुने गरी मितव्ययी तरिकाबाट खरिद कार्य गर्नुपर्दछ।

६. **आन्तरिक नियन्त्रण -** आन्तरिक नियन्त्रण सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र अन्तर्गतका निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिबेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुन बमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । आफ्नो कामको प्रकृतिअनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ।

- **बेरुजू स्थिति –** कार्यालयको लेखापरीक्षणबाट लगती बेरुजू रु. ८० हजार देखिएको छ। यससम्बन्धी विवरण **अनुसूची-३** मा रहेको छ।

# आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन, नियमन लगायत प्रदेशस्तरको आर्थिक श्रोतको बाँडफाँड, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन, आर्थिक विकासमा सार्वजनिक, निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारी एवं समन्वय र सहकार्यसम्बन्धी नीति, मापदण्ड बनाउने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो

यो वर्ष मन्त्रालय र मातहत १ कार्यालय समेतको विनियोजन रु.१ करोड ६२ लाख ४७ हजार, राजस्व रु.१५ हजार र धरौटी रु.२ लाख ३७ हजार समेत रु. १ करोड ६४ लाख ९९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **बजेट कार्यान्वयन -** प्रदेश सरकारको वार्षिक बजेट र सोको कार्यान्वयन स्थिति विश्लेषण गर्दा निम्नानुसार देखिएको छ ।

१.१. सरकार सञ्चालनको मूल आधार राजस्व संकलन र परिचालन भए तापनि २०७४।७५ मा प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रभित्रको कुनैपनि विषयमा कर लगाउने र उठाउने सम्बन्धमा प्रस्ताव नगरेको कारण वार्षिक आय व्यय विवरण (बजेट) मा राजस्वको अनुमान समावेश गरेको पाइएन । यस आर्थिक वर्षमा प्रदेश सरकारको आम्दानीको स्रोत नेपाल सरकारबाट प्राप्त हुने समानीकरण अनुदानमात्र रहेको देखियो । जस अनुसार संघीय सरकारबाट प्राप्त हुने अनुदान रु.१ अर्ब २ करोड ५ लाख प्रदेश सरकारको कुल बजेट रहेको देखिन्छ । विनियोजनमध्ये रु.५६ करोड ३८ लाख २३ हजार अर्थात् ५५.२५ प्रतिशत अर्थ तथा भैपरी आउने बजेट व्यवस्था गरेकोमा सो खर्च भएको देखिएन । वर्षभरिमा रु.२५ करोड ९८ लाख १७ हजार बजेट खर्च भई वर्षान्तमा रु.७६ करोड ६ लाख ८३ हजार बजेट बचत हुन गएको पाइयो । नयाँ स्थापना भएका मन्त्रालय लगायतका संरचनाहरुले बजेटमा प्रस्ताव गरे अनुसारका कार्यक्रमहरु कार्यान्वयन गर्न नसकेको एवं वार्षिक बजेटको उल्लेखनीय हिस्सा अर्थ बजेटको रुपमा राखिएकोमा सोको परिचालन नभएको कारण प्रस्तावित बजेटको २५.४६ प्रतिशतमात्र खर्च भएको देखिन्छ ।

१.२. यस आर्थिक वर्षको लागि रु.१ अर्ब २ करोड ५ लाख विनियोजन भएकोमध्ये चालु खर्चतर्फ रु.८४ करोड ३४ लाख अर्थात् ८२.६५ प्रतिशत र पुँजीगततर्फ रु.१७ करोड ७१ लाख अर्थात् १७.३५ प्रतिशत रहेको देखिन्छ । उक्त विनियोजनमध्ये रु.२५ करोड ९८ लाख १७ हजार खर्च भएकोमा चालुतर्फ रु.१६ करोड ५८ लाख १८ हजार अर्थात् १९.६६ प्रतिशत र पुँजीगततर्फ रु.९ करोड ३९ लाख ९९ हजार अर्थात् ५३.०८ प्रतिशत खर्च भएको छ । प्रदेश मन्त्रालय र निकायहरु यसै आर्थिक वर्षमा स्थापना भएका कारण ती नियकायको स्थापना र सञ्चालनको लागि चालु खर्च बढी हुने भए तापनि यस्तो खर्चलाई न्यूनतम राख्न शुरुदेखि नै सरकारी खर्चमा मितव्ययिताको नीति अवलम्बन गर्नुपर्दछ ।

१.३. प्रदेशको आर्थिक वर्षको बजेट तर्जुमा गर्नुअघि मन्त्रालयले आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने र खर्च संरचना तयार गर्दा आवधिक विकास योजना बनेको भए सोलाई मार्गदर्शनको रुपमा अङ्गीकार गर्नुपर्नेमा २०७४।७५ को बजेट तर्जुमा गर्नुअघि मन्त्रालयले यस्तो व्यवस्था अपनाएको देखिएन ।

१.४. यस आर्थिक वर्षमा ऋण लगानी तथा दायित्व सम्बन्धी बिषयमा कुनै कार्य अगाडि नबढेकोले सोको बिबरण प्रस्तुत गरेको देखिएन । साथै प्रदेश सरकारबाट बैदेशिक सहायता प्राप्तिको कुनैपनि कार्य अगाडि नबढाएको कारण बजेट सो सम्बन्धी बिबरण समेत समाबेश भएको पाइएन । प्रदेशले अन्तरिक ऋण उठाउने बिषय समेत बजेटमा समाबेश नभएको स्थिति देखिएको छ ।

१.५. यस वर्ष प्रदेशलाई समानीकरण अनुदान मात्र प्राप्त भएकोले सो मात्र बजेटमा समावेश गरेको देखिन्छ । यो वर्ष प्रदेशलाई समपुरक र विशेष अनुदान प्राप्त भएको देखिएन ।

२. **कार्य जिम्मेवारी -** मन्त्रालयले सम्पादन गर्नुपर्ने गरी विभिन्न कार्य जिम्मेवारी तोकिएकोमध्ये प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन, प्रादेशिक वित्त सन्तुलन सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमनलगायतका कार्य बाँकी रहेको देखिन्छ । छलफलको क्रममा मन्त्रालयले सुरुवाती चरण, कर्मचारी अभाव, लगायतको कारण उल्लिखित कार्यक्रम कार्यन्वयन गर्न नसकेकको व्यहोरा जनाएको छ

३. **दरबन्दी र पदपूर्ति -** मन्त्रालयलाई तोकेको जिम्मेवारी पूरा गर्न आवश्यकतानुसार कर्मचारीको दरबन्दी स्वीकृत गरी पदपूर्ति हुनुपर्नेमा यस मन्त्रालय र अन्तर्गत कार्यालयको स्वीकृत दरबन्दी ६८ रहेकोमा ४१ पदपूर्ति भएको देखिन्छ । साथै मन्त्रालय मातहत रहेका कार्यालयहरुको दरबन्दी र पदपूर्ति अवस्था अद्यावधिक गर्नुपर्दछ ।

४. **पुँजीगत खर्च -** मन्त्रालयसमेतको लागि रु.४ करोड ६ लाख ५५ हजार पुँजीगत बजेट प्राप्त भएकोमा रु.४२ लाख २३ हजार खर्च भएको देखिन्छ । उक्त खर्चमध्ये फर्निचर खरिदमा रु.३ लाख २३ हजार, सवारी साधन खरिदमा रु.१३ लाख ७ हजार र कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेशिनलगायतको मेशिनरी औजारमा रु.२१ लाख १३ हजार खर्च गरेको देखिन्छ ।

५. **सम्परीक्षण सम्बन्धी व्यवस्था -** प्रदेश सरकारले संघीय कानुनसँग सामन्जस्य हुने गरी कानुन निर्माण गर्नुपर्नेमा केही असमान्जस्यता देखिने गरेको छ । उदाहरणको लागि प्रदेशले निर्माण गरेका प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३८(१) मा लेखापरीक्षणको प्रतिवेदनमा दर्शाइएका बेरुजू नियमित, असुलउपर तथा सम्परीक्षण गरी फछ्र्यौट गर्ने गराउने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृत हुने देखिन्छ । सोही ऐनको दफा ३८(२) मा लेखापरीक्षणबाट दर्शाइएका बेरुजू सम्बन्धित लेखाउत्तरदायी अधिकृतबाट नियमित, फछ्र्यौट तथा सम्परीक्षण हुने र दफा ३८(५)मा सो कार्यको अनुगमन महालेखापरीक्षकको कार्यालयले गर्ने व्यवस्था गरेको छ । उक्त व्यवस्था आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १८ मा बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने र यसरी फछ्र्यौट भएको व्यहोरा दफा १९(१) बमोजिम महालेखापरीक्षकको कार्यालयबाट सम्परीक्षण गराउनु पर्ने व्यवस्था भन्दा भिन्न रहेको र सम्परीक्षण लेखापरीक्षणकै अंग भएकोले सम्परीक्षणको कार्य सम्बन्धित लेखाउत्तरदायी अधिकृतबाट हुने व्यवस्था उचित नभएकोले यसमा पुनरावलोकन हुनुपर्ने देखिन्छ ।

६. **सेवा प्रवाह -** राज्यबाट जनताले पाउने सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउने उद्देश्यले अङ्गीकार गरेको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ । प्रदेश सरकार सञ्चालन गर्न यस मन्त्रालयको लागि नयाँ कानुन निर्माण कार्य बाँकी रहेको, दरबन्दी बमोजिम पदपूर्ति नभएको, मन्त्रालयको लागि निर्धारण गरेको वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर रहेको, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय एवं मन्त्रालयले निर्माण गर्नुपर्ने प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारणलगायत सेवा प्रवाहलाई नियमित र व्यवस्थित गर्ने नीति, मापदण्ड एवं कार्यविधि निर्माणको कार्य बाँकी रहेको एवं सेवाग्राही सन्तुष्टी तथा सेवा प्रवाहको अनुगमनलगायतको कार्य हुन बाँकी रहेको कारण मन्त्रालयबाट अपेक्षितरुपमा सेवा प्रवाह हुन सकेको पाइएन । मन्त्रालयको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनुपर्दछ ।

७. **आन्तरिक नियन्त्रण -** आन्तरिक नियन्त्रणसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुन बमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणली तयार गरी लागु गर्नुपर्दछ । मन्त्रालयले आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । मन्त्रालयको कार्य प्रकृतिअनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ ।

८. **लेखा नीति र टिप्पणी -** प्रदेश सरकारले स्वीकृत गरेको मापदण्ड बमोजिम कुनै निश्चित अवधिमा भएको आर्थिक कारोबारको समष्टिगतस्थिति दर्शाउने उद्देश्यले शीर्षकसमेत खुल्नेगरी वित्तीय विवरणको तयारी गर्ने कार्य प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्ने ऐनमा उल्लेख छ । शीर्षकको आधारमा बनाएको बजेट अनुमान, निकासा, खर्च, आम्दानी, दाखिला र बाँकीसमेत खुलाएको प्राप्ति र भुक्तानी विवरण तथा सोसँग सम्बन्धित लेखा टिप्पणी र खुलासालाई समेटी प्रदेशको प्राप्ति र भुक्तानी विवरण बनाई लेखापरीक्षणमा पेश गर्नुपर्ने व्यवस्था छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्रदेशको केन्द्रीय आर्थिक विवरणमा लेखा नीति एवं टिप्पणी उल्लेख भएको देखिएन ।

९. **प्रतिबद्धता लेखा -** कानुनको अधिनमा रही प्रदेश सरकारबाट सिर्जित आर्थिक दायित्व तथा नेपाल सरकारबाट सम्झौता तथा निर्णय भई हस्तान्तरण भई आएका वा प्रदेश सरकारबाट राजस्व छुट दिन प्रतिबद्धता जनाएको रकमको व्यहोरा देखिने गरी लेखा तथा सोको अभिलेख राख्नुपर्ने व्यवस्था छ । यो वर्ष यस्तोस्थिति नदेखिएको भए तापनि यस व्यवस्थालाई ध्यानमा राखी भविष्यमा अवलम्वन गर्नुपर्दछ ।

१०. **वित्तीय सुशासन -** प्रभावकारी वित्तीय व्यवस्थापनमार्फत सार्वजनिक आय तथा व्ययको सर्वोत्तम परिचालन, त्यसको लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षणमार्फत वित्तीय व्यवस्थापनमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्नु प्रदेश सरकारको दायित्व हो । सार्वजनिक वित्तीय व्यवस्थापनलाई जवाफदेही बनाउन सार्वजनिक खर्च र सार्वजनिक आयको अद्यावधिकस्थितिको लेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाई नियमित र एकरुपता कायम गरी प्रभावकारी बनाउन आवश्यक छ । बजेट अनुमान कार्यक्रममा आधारित तथा यथार्थपरक बनाउनु पर्ने अवस्था छ । समयमै प्रदेशस्तरको कार्यक्रम स्वीकृत गरी वार्षिक खरिद योजना बनाउने प्रक्रियालाई अगाडि बढाउनु पर्ने त्यत्तिकै आवश्यकता देखिन्छ । समयमा ठेक्का बन्दोवस्त, चालु खर्चको मात्रात्मक वृद्धिलाई कमी ल्याउन आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढीकरण गर्न, बेरुजूको मात्रा घटाई बेरुजू नै हुन नदिने जस्ता खर्च व्यवस्थापकीय पक्षमा प्रदेश सरकार समक्ष धेरै वित्तीय चुनौति रहेका छन् । यी चुनौति पूरा गर्न बजेट सूचना व्यवस्थापन प्रणाली, प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीको संस्थागत विकास, लागत लाभको विश्लेषणसहितको योजना तथा कार्यक्रम, बहुवर्षीय ठेक्का व्यवस्थापन प्रक्रिया, सार्वजनिक सेवा लेखामानको प्रयोग, शुत्रको प्रयोग, स्तरीय वित्तीय प्रतिवेदन प्रणालीमा आमूलरुपमा सुधार गरी प्रदेशको वित्तीय व्यवस्थापनमा जवाफदेहिताको स्थितिलाई सुधार गर्न मन्त्रालयले आवश्यक ध्यान दिनुपर्ने देखिन्छ ।

**प्रदेश लेखा नियन्त्रक कार्यालय**

११. **प्रदेश आर्थिक प्रशासन -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२ अनुसार प्रदेश लेखा नियन्त्रक कार्यालयको जिम्मेवारी प्रदेश भित्रको आर्थिक प्रशासन सञ्चालन गर्ने रहेको छ । प्रदेश तहका सबै कार्यालयमा लेखा अभिलेख व्यवस्थित गर्न प्रयाप्त लेखा समूहका कर्मचारीको व्यवस्था हुनु पर्दछ । आन्तरिक लेखापरीक्षणलाई स्वतन्त्र, निस्पक्ष र प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षण र आर्थिक प्रशासन सञ्चालनका लागि अलग कर्मचारी खटाउने व्यवस्था भएकोमा तद्अनुरुप कर्मचारीको व्यवस्था गरेको नदेखिदा आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी भएको पाइएन ।

- **बेरुजू स्थिति –** मन्त्रालयको लेखापरीक्षणबाट लगती बेरुजू रु. ५८ हजार देखिएको छ । यससम्बन्धी विवरण **अनुसूची-३** मा रहेको छ ।

# आन्तरिक मामिला तथा कानुन मन्त्रालय

प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन सूचना संकलन, मूल्यांकन र प्रतिवेदन तथा संघसंगको समन्वय र सहकार्यमा सहप्रशासन, कानुन निर्माण र प्रदेश स्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमन गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.१ करोड ३१ लाख २१ हजार, राजस्व रु.६ हजार र धरौटी रु.२ लाख ४३ हजारसमेत रु.१ करोड ३३ लाख ७० हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कानुन निर्माणः** प्रदेश सरकारबाट जारी गर्नुपर्ने सबै ऐन कानुन प्राथमिकताको आधारमा प्रदेश सभामा प्रस्तुत गरी पारित गराउनु पर्दछ । आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट प्राप्त विवरणअनुसार विभिन्न मन्त्रालयको लागि नयाँ कानुन बनाउन प्राथमिकता निर्धारण गरेको देखिएन । निर्माण गनुपर्ने गरी प्राथमिकता निर्धारण नगरेको भएतापनि लेखपरीक्षण अवधि २०७५ मङ्सिरसम्म विभिन्न १८ कानुन निर्माण भई प्रदेश संसदमा पेश भएकोमा १७ पारित भएको र १ पारित हुन बाँकी रहेको देखिन्छ । प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्न आवश्यक पर्ने कानुन यथाशीघ्र निर्माण गर्नु पर्दछ ।

२. **कार्य जिम्मवारी -** मन्त्रालयले सम्पादन गर्नुपर्ने गरी विभिन्न कार्य जिम्मेवारीहरु तोकिएकोमध्ये संघीय कानुनबमोजिम प्रदेश प्रहरी सञ्चालन, व्यवस्थापन र नियमन, प्रदेशभित्रका गैर सरकारी संघ, संस्थाहरुको अभिलेख र समन्वय, विपद् व्यवस्थापन, जोखिम न्यूनीकरणसम्बन्धी नीति, मापदण्डकको तर्जुमा, कार्यान्वयन र नियमनलगायतका कार्य हुन बाँकी रहेको छ ।

३. **प्रदेश प्रहरी, प्रशासन र शान्ति सुरक्षा -** प्रत्येक संघीय इकाई अर्थात् प्रदेशमा प्रदेश सरकारले आवश्यकतानुसार प्रदेश प्रहरी, प्रशासन एवं प्रदेशको अमनचयन तथा शान्ति सुरक्षाको लागि संगठनात्मक व्यवस्था गर्न सक्ने व्यवस्थाबमोजिमको कार्य हुन बाँकी नै रहेको छ ।

४. **दरबन्दी र पदपूर्ति -** मन्त्रालयलाई तोकेको जिम्मेवारी पूरा गर्न आवश्यकतानुसार कर्मचारीको दरबन्दी स्वीकृत गरी पदपूर्ति हुनुपर्नेमा मर्न्त्रालयको स्वीकृत दरबन्दी ३८ रहेकोमा ३१ पदपूर्ति भएको देखिन्छ । पदपूर्तिमध्ये २५ स्थायी र ६ करारमा कार्यरत रहेको छन । स्वीकृत दरबन्दी अनुसार पदपूर्ति हुनुपर्दछ ।

५. **सोझै खरिद -** मन्त्रालयको लागि रु.१ करोड पुँजीगत बजेट प्राप्त भएकोमा रु.४० लाख २२ हजार खर्च भएको देखिन्छ । उक्त खर्चमध्ये फर्निचर रु.८ लाख ९४ हजार, ५ मोटर साइकल रु. ८ लाख ८४ हजार र कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेशिनलगायतको मेशिनरी औजार रु.२२ लाख ४४ हजारको गरेको छ । उक्त खरिदमध्ये फर्निचर, मेसिनरी औजार सोझै र सवारी साधन क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको पाइयो । सार्वजनिक खरिद ऐन र नियमावलीबमोजिम बोलपत्रको माध्यमबाट पर्याप्त प्रतिस्पर्धा हुने गरी मितव्ययी तरिकाबाट खरिद कार्य गर्नुपर्दछ ।

**६. सेवा प्रवाह -** राज्यबाट जनताले पाउने सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउने उद्देश्यले अङ्गीकार गरिएको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ । मन्त्रालयको लागि यो वर्ष स्वीकृत भएको बजेटमध्ये चालु तर्फ ३५ प्रतिशत र पुँजिगततर्फ ४० प्रतिशत मात्र खर्च गरेको छ । मन्त्रालयको राय परामर्शबाट हालसम्म १८ प्रकारको विधेयक तयार गरेकोमध्ये १७ विधेयक प्रदेश सभाबाट पारित भएको एवं विभिन्न १४ प्रकारका नियमावली र कार्यविधि निर्माण भएको देखिन्छ । मन्त्रालयको स्वीकृत दरबन्दी ३८ रहेकोमा ३१ पदपूर्ति भई ७ रिक्त रहेको देखिन्छ । स्वीकृत दरबन्दी पदपूर्ति हुन नसकेको कारण मन्त्रालयको सेवा प्रवाह तथा कार्य सम्पादनमा असर पर्ने अवस्था रहेको देखिन्छ । मन्त्रालयस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारणलगायत सेवा प्रवाहलाई नियमित र व्यवस्थित गर्ने नीति, मापदण्ड एवं कार्यविधि निर्माणको कार्य बाँकी रहेको एवं सेवाग्राही सन्तुष्टी तथा सेवा प्रवाहको अनुगमनलगायतको कार्य हुन बाँकी रहेको कारण अपेक्षित रुपमा सेवा प्रवाह हुन सकेको देखिएन । मन्त्रालयको संस्थागत, प्राविधिक र श्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रवाभकारी बनाउनु पर्दछ ।

७. **आन्तरिक नियन्त्रण -** आन्तरिक नियन्त्रणसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गर्ने कार्यलाई मितव्ययी, कार्यदक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुनबमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्दछ । मन्त्रालयले आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । मन्त्रालयको कार्य प्रकृति अनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति –** मन्त्रालयको लेखापरीक्षणबाट फछ्र्यौट गर्नुपर्ने लगती बेरुजू रु. ६९ हजार देखिएको छ । यससम्बन्धी विवरण **अनुसूची-३** मा रहेको छ ।

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

व्यापार वाणिज्य र बजार प्रतिस्पर्धासम्बन्धी प्रादेशिक नीति कानुन, मापदण्ड तथा योजनाको कार्यान्वयन ऐन, नियम, खानी तथा खनिज पदार्थको अन्वेषणसम्बन्धी प्रादेशिक नीति, प्रदेशस्तरको संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन, प्रदेशभित्र भूस्खलन नियन्त्रण जस्ता कार्य गर्ने गरी यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.३ करोड ३९ लाख ५७ हजार, र धरौटी रु.९३ हजार समेत रु.३ करोड ४० लाख ५० हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्ः

१. **कार्य जिम्मवारी –** मन्त्रालयले सम्पादन गर्नुपर्ने गरी विभिन्न कार्य जिम्मेवारीहरु तोकिएकोमध्ये व्यापार वाणिज्य र प्रतिस्पर्धा सम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवं नियमन र सिन्डिकेट तथा कार्टेलिङ्ग नियन्त्रण, मूल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवं नियमन, प्रदेशस्तरमा हानीकारक पदार्थहरुको नियमन तथा व्यवस्थापनलगायतका कार्य बाँकी रहेको देखिन्छ ।

२. **दरबन्दी र पदपूर्ति –** मन्त्रालयलाई तोकेको जिम्मेवारी पुरा गर्न आवश्यकतानुसार कर्मचारीको दरबन्दी स्वीकृत गरी पदपूर्ति हुनुपर्नेमा यस मन्त्रालयको स्वीकृत दरबन्दी ४५ मध्ये २३ पदपूर्ति भएको देखिन्छ । पदपूर्तिमध्ये १६ स्थायी र ७ करारमा कार्यरत रहेको छन् । साथै मन्त्रालयले मातहत सम्पूर्ण कार्यालयहरुको दरबन्दी र पदपूर्ति अद्यावधिक गरेको छैन ।

३. **सोझै खरिद –** मन्त्रालयको लागि रु.३ करोड पुँजीगत बजेट प्राप्त भएकोमा रु.२ करोड ४८ लाख २५ हजार खर्च भएको देखिन्छ । खर्चमध्ये फर्निचर रु.१९ लाख ४२ हजार, सवारी साधान रु.१० लाख र कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेशिनलगायतको मेशिनरी औजार रु.२० लाख को खरिद गरेको छ । उक्त खरिदमध्ये फर्निचर र मेशिनरी औजार सोझै र सवारी साधन क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको छ । सार्वजनिक खरिद ऐन र नियमावलीबमोजिम बोलपत्रको माध्यमबाट पर्याप्त प्रतिस्पर्धा हुने गरी मितव्ययी तरिकाबाट खरिद कार्य गर्नुपर्दछ ।

४. **अध्ययन अनुसन्धान कार्य** : मन्त्रालयले विभिन्न विषयमा ४२ सम्भाव्यता अध्ययन गर्ने लक्ष्य राखेकोमा ३५ सम्भाव्यता अध्ययन सम्पन्न गरेको छ । लक्ष्य तोकिएका ७ सम्भाव्यता अध्ययन कार्य गरेको छैन । सम्पन्न भएका ३५ सम्भाव्यता अध्ययन प्रतिवेदनको आधारमा बजेट तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

(रु. हजारमा)

| क.सं | अध्ययनको क्षेत्र | संख्या | स्वीकृत बजेट | भौतिक प्रगति | खर्च रकम |
|---|---|---|---|---|---|
| १. | विशेष आर्थिक क्षेत्र र औद्योगिक क्षेत्रहरुको स्थापनाको लागि सम्भाव्यता अध्ययन | ४ | २००० | ४ | १८९७ |
| २. | विभिन्न ५ स्थानमा सूचना केन्द्र सम्भाव्यता अध्ययन | १ | १५०० | १ | १४१६ |
| ३. | खप्तड क्षेत्रमा केवलकार स्थापनाका लागि सम्भाव्यता अध्ययन | १ | १०० | ० | ० |
| ४. | जडिबुटी विकास सम्भाव्यता अध्ययन | ४ | २००० | २ | ९९२ |
| ५. | शहरी वन तथा उद्यान निर्माण सम्भाव्यता अध्ययन | १ | ३०० | १ | २८४ |
| ६. | विभिन्न वन तथा वातावरणसम्बन्धी अध्ययन अनुसन्धान कार्य | ६ | २७०० | ६ | २६५४ |
| ७. | विशेष उद्यम विकाससम्बन्धी अध्ययन | ४ | २००० | ३ | १४७२ |
| ८. | प्रदेशस्तरको संग्रहालय स्थापना गर्न सम्भाव्यता अध्ययन | १ | १००० | १ | ९९१ |
| ९. | पयर्टन क्षेत्र तथा पर्यटन करिडोरहरुको पहिचान तथा सम्भाव्यता अध्ययन | २० | १०००० | १७ | ८४१० |
| | **जम्मा** | **४२** | **२१६००** | **३५** | **१८११६** |

५. **खानी अन्वेषण र व्यवस्थापन –** श्रममूलक, निर्यातजन्य र आयात प्रतिस्थापनको लागि उद्योग क्षेत्रको भूमिकामा वृद्धि गर्नु र उद्योगको लागि आवश्यक पर्ने कच्चापदार्थको व्यवस्थापन गरी औद्योगिक वातावरण सिर्जना गर्नु प्रदेश सरकारको अधिकार तथा दायित्व रहेको छ । प्रदेशभित्र खानीजन्य वस्तुहरुको अनुसन्धान, अन्वेषण र उत्खननका कार्यक्रमहरुलाई अगाडि बढाई औद्योगिक क्षेत्र र सीपमूलक रोजगारी अगाडि बढाउनु पर्ने आवश्यकता प्रदेश सरकारको जिम्मामा समेत रहेको छ । प्रदेश अन्तर्गत यस सम्बन्धी कार्य प्रारम्भ हुन बाँकी देखिन्छ ।

६. **सेवा प्रवाह –** राज्यबाट जनताले पाउने सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउने उद्देश्यले अङ्गीकार गरेको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्नु पर्दछ । मन्त्रालयको लागि पहिचान गरेका नयाँ बनाउने कानुन निर्माण कार्य बाँकी रहेको, दरबन्दीबमोजिम पदपूर्ति नभएको, मन्त्रालयको लागि निर्धारण गरेको वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर रहेको, मन्त्रालयले निर्माण गर्नुपर्ने प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण लगायत सेवा प्रवाहलाई नियमित र व्यवस्थित गर्ने नीति, मापदण्ड एवं कार्यविधि निर्माणको कार्य बाँकी रहेको एवं सेवाग्राही सन्तुष्टी तथा सेवा प्रवाहको अनुगमनलगायतको कार्य हुन बाँकी रहेको कारण मन्त्रालयबाट अपेक्षित रुपमा सेवा प्रवाह हुन सकेको पाइएन । मन्त्रालयको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनुपर्दछ ।

७. **आन्तरिक नियन्त्रण –** आन्तरिक नियन्त्रणसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुनबमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्दछ । मन्त्रालयले आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । मन्त्रालयको कार्यप्रकृति अनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति –** मन्त्रालयको लेखापरीक्षणबाट लगती बेरुजू रु.३ लाख १ हजार देखिएको छ । यससम्बन्धी विवरण **अनुसूची-३** मा रहेको छ ।

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेशभित्रको कृषि, कृषि उत्पादन, पशु विकास तथा खाद्य पोषण खाद्य पोषणसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा कार्यान्वयन र नियमन गर्ने उद्देश्ले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.२ करोड ७७ लाख ५० हजार र धरौटी रु.९५ हजारसमेत रु.२ करोड ७८ लाख ४५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी –** मन्त्रालयले सम्पादन गर्नुपर्ने गरी विभिन्न कार्य जिम्मेवारीहरु तोकिएको मध्ये भूमि व्यवस्थापन, भूउपयोग तथा चक्लाबन्दी, कृषि तथा पशु विकास, सहकारी, सुरक्षित बसोबास तथा जग्गा विकास लगायतका विषयमा नीति, कानुन, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवं नियमन लगायतका कार्य बाँकी रहेको देखिन्छ ।

२. **दरबन्दी र पदपूर्ति –** मन्त्रालयलाई तोकेको जिम्मेवारी पूरा गर्न आवश्यकतानुसार कर्मचारीको दरबन्दी स्वीकृत गरी पदपूर्ति हुनुपर्नेमा मन्त्रालयको स्वीकृत दरबन्दी ७३ मध्ये ३५ पदपूर्ति भएको देखिन्छ । पदपूर्तिमध्ये २४ स्थायी र ११ करारमा कार्यरत रहेको छन् । मातहत कार्यालय २१ मा ३२१ दरबन्दी मध्ये २०२ पूर्ति भएको छ । सम्पुर्ण दरबन्दीहरु पदपूर्ति हुनुपर्दछ ।

३. **सोझै खरिद –** मन्त्रालयको लागि रु.१ करोड २३ लाख पुँजीगत बजेट प्राप्त भएकोमा रु. १ करोड १४ लाख ६२ हजार खर्च भएको देखिन्छ । खर्चमध्ये फर्निचर रु.१७ लाख ४८ हजार, सवारी साधन रु.९ लाख ५५ हजार, कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेशिनलगायतको मेशिनरी औजार रु.१९ लाख ७५ हजारको खरिद गरेको देखिन्छ । उक्त खरिदमध्ये फर्निचर र मेशिनरी औजार सोझै एवं सवारी साधन क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको छ । सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम बोलपत्रको माध्यमबाट पर्याप्त प्रतिस्पर्धा हुने गरी मितव्ययी तरिकाबाट खरिद कार्य गर्नुपर्दछ ।

४. **सेवा प्रवाह –** राज्यबाट जनताले पाउने सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउने उद्देश्यले अङ्गीकार गरिएको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ । मन्त्रालयको स्वीकृत दरबन्दी ७३ मध्ये ३५ पदपूर्ति भई ३८ रिक्त रहेको छ । स्वीकृत दरबन्दी पदपूर्ति हुन नसकेको कारण मन्त्रालयको सेवा प्रवाह तथा कार्य सम्पादनमा असर पर्ने अवस्था रहेको देखिन्छ । मन्त्रालयको यो वर्ष स्वीकृत बजेटमध्ये चालुतर्फ ३२.९८ प्रतिशत र पुँजिगततर्फ ९३.१८ प्रतिशत मात्र खर्च गरेको छ । मन्त्रालय स्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण लगायत सेवा प्रवाहलाई नियमित र व्यवस्थित गर्ने नीति, मापदण्ड एवं कार्यविधि निर्माणको कार्य बाँकी रहेको एवं सेवाग्राही सन्तुष्टी तथा सेवा प्रवाहको अनुगमनलगायतको कार्य हुन बाँकी रहेको कारण मन्त्रालयबाट अपेक्षितरुपमा सेवा प्रवाह हुन सकेको देखिएन । मन्त्रालयको संस्थागत, प्राविधिक र श्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनु पर्दछ ।

५. **आन्तरिक नियन्त्रण –** आन्तरिक नियन्त्रणसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुनबमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्दछ । मन्त्रालयले आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । मन्त्रालयको कार्य प्रकृतिअनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ ।

६. **भूमि व्यवस्थापन –** भूमिमा रहेको दोहोरो स्वामित्वको अन्त गर्ने, किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमि व्यवस्थापन, जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि, भू-उपयोग नीति तथा कानुन, भूमिको उत्पादनशीलता र समुचित उपयोग, कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्न प्रदेश सरकारले भूमि व्यवस्थापन तथा जग्गाको अभिलेख व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धी कार्य सुरु हुन बाँकी रहेको देखिन्छ ।

७. **सहकारी –** आर्थिक र समाजिक विकासमा सहकारी क्षेत्रको योगदान उल्लेख्य रहेको छ । प्रदेशभित्र छरिएर रहेको श्रम, सीप, प्रविधि र पुँजीलाई एकत्रित गरी उत्पादन, उत्पादकत्वको वृद्धिबाट प्रदेशको अर्थतन्त्रमा

८. सहकारीले योगदान दिन सक्दछ । सहकारीले संकलन गरेको पुँजीलाई कृषि, पर्यटन, उद्योग र उर्जा जस्ता क्षेत्रमा परिचालन गर्न पनि आवश्यक देखिन्छ । पुँजी र सीपमूलक तालिम, सहुलियत कर्जा, युवा स्वरोजगार, बचत सुरक्षण वीमा आदि कार्यक्रमलाई कार्यान्वयनमा ल्याउनु पर्दछ ।

९. **कृषि तथा पशु विकास –** प्रदेशको जनसंख्याको चापलाई धान्न सक्ने गरी खाद्य तथा आधारभूत आवश्यकता पूरा गर्न प्रदेशले आफ्नो क्षेत्रभित्र कृषि तथा पशुसम्बन्धी उत्पादन र उत्पादकत्व बढाउनु पर्नेस्थिति रहेको छ । अव्यवस्थित शहरीकरण, जग्गाको खण्डीकरण, घडेरीकरण, जग्गा बाँझो राख्ने प्रवृत्ति कृषि क्षेत्रका प्रमुख बाधकको रुपमा देखिएका समस्या हुन् । माछा, मासु, अण्डा र दुधको आपूर्ति गर्न पशुपंक्षी व्यवसायिकरण कार्यक्रम पनि अगाडि बढाउन आवश्यक छ । उल्लिखित विषयहरु सम्बोधन हुनेगरी नीति निर्माण, कार्यान्वयन एवं अनुगमन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति –**मन्त्रालयको लेखापरीक्षणबाट फछ्र्यौट गर्नुपर्ने लगती बेरुजू देखिएको छैन ।

# भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेशस्तरको ऊर्जा विद्युत, सिँचाइ, खानेपानी जल उत्पन्न प्रकोप र (नदी तथा पहिरो) व्यवस्थापनसम्बन्धी अध्ययन अनुसन्धान नीति, कानुन, मापदण्ड, गुरुयोजना कार्यान्वयन समन्वय र नियमन गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.२ करोड ७३ लाख ५४ हजार, राजश्व रु.२ लाख ३१ हजार र धरौटी रु.४ लाख ४८ हजारसमेत रु.२ करोड ८० लाख ३३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मवारी –** मन्त्रालयले सम्पादन गर्नुपर्ने विभिन्न कार्य जिम्मेवारीहरु तोकिएकोमध्ये प्रदेशको उर्जा, विद्युत, सिंचाई, खानेपानी, यातायातसम्बन्धी नीति, कानुन, मापदण्ड निर्माण, सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण लगायतका कार्य बाँकी रहेको देखिन्छ । यसैगरि प्रदेश लोकमार्ग, सडक, पुल, झोलुङ्गेपुल सम्बन्धी नीति, कानुन, मापदण्ड निर्माण एवं सडक अधिकार क्षेत्रको संरक्षण कार्यसमेत हुन बाँकी देखिएको छ ।

२. **दरबन्दी र पदपूर्ति –** मन्त्रालयलाई तोकेको जिम्मेवारी पुरा गर्न आवश्यकतानुसार कर्मचारीको दरबन्दी स्वीकृत गरी पदपूर्ति हुनुपर्नेमा यस मन्त्रालयको स्वीकृत दरबन्दी ५५ मध्ये ३२ पदपूर्ति भएको देखिन्छ । पदपूर्ति मध्ये २६ स्थायी र ६ करारमा कार्यरत छन । मातहत २६ कार्यालयमा ३६६ दरवन्दी रहेकोमा २७२ पूर्ति भएको देखिन्छ । दरबन्दी बमोजिमको कर्मचारी पदपूर्ति हुनुपर्दछ ।

३. **सोझै खरिद–** मन्त्रालयको लागि रु.४ करोड २ लाख पुँजीगत बजेट प्राप्त भएकोमा रु.१ करोड ९० लाख ७० हजार खर्च भएको देखिन्छ । खर्चमध्ये फर्निचर रु.१४ लाख ९६ हजार, सवारी साधन रु.९ लाख ८५ हजार र कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेशिनलगायतको मेशिनरी औजार रु.१९ लाख ८९ हजार र सम्भाव्यता अध्ययन अनुसन्धान रु.८४ लाख ८३ हजारको खरिद गरेको छ । उक्त खरिदमध्ये अध्ययन अनुसन्धान परामर्श सेवा, फर्निचर र मेशिनरी औजार सोझै खरिद गरेको एवं सवारी साधन क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको छ । सार्वजनिक खरिद ऐन र नियमावलीबमोजिम बोलपत्रको माध्यमबाट पर्याप्त प्रतिस्पर्धा हुने गरी मितव्ययी तरिकाबाट खरिद कार्य गर्नुपर्दछ ।

४. **सेवा प्रवाह –**राज्यबाट जनताले पाउने सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउने उद्देश्यले अङ्गीकार गरिएको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ । मन्त्रालयको यो वर्ष स्वीकृत बजेटमध्ये चालुतर्फ ५२.१५ प्रतिशत र पुँजिगततर्फ ४७.४३ प्रतिशत मात्र खर्च भएको छ । मन्त्रालयको स्वीकृत दरबन्दी ५५ रहेकोमा ३२ पदपूर्ति भई २३ रिक्त रहेको देखिन्छ । स्वीकृत दरबन्दी पदपूर्ति हुन नसकेको कारण मन्त्रालयको सेवा प्रवाह तथा कार्य सम्पादनमा असर पर्ने अवस्था रहेको देखिन्छ । मन्त्रालयस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारणलगायत सेवा प्रवाहलाई नियमित र व्यवस्थित गर्ने नीति, मापदण्ड एवं कार्यविधि निर्माणको कार्य बाँकी रहेको एवं सेवाग्राही सन्तुष्टी तथा सेवा प्रवाहको अनुगमनलगायतको कार्य हुन बाँकी रहेको कारण मन्त्रालयबाट अपेक्षित रुपमा सेवा प्रवाह हुन सकेको देखिएन । मन्त्रालयको संस्थागत, प्राविधिक र श्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनु पर्दछ ।

५. **आन्तरिक नियन्त्रण –** आन्तरिक नियन्त्रणसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुनबमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्दछ । मन्त्रालयले आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । कार्य प्रकृतिअनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति –** मन्त्रालयको लेखापरीक्षणबाट लगती बेरुजू रु.१४ हजार देखिएको छ । यससम्बन्धी विवरण **अनुसूची-३** मा रहेको छ ।

# सामाजिक विकास मन्त्रालय

प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षासम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, शैक्षिक योजना निर्माण र कार्यान्वयन, माध्यमिक तहको परीक्षा व्यवस्थापन, महिला हकसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, समाज कल्याण र संघ संस्थासम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्यांकन खेलखूद प्रशासन र संघ संस्थाको समन्वय र नियमन गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.५ करोड ९० लाख ९७ हजार, राजस्व रु. ६ हजार र धरौटी रु.१ लाख ८३ हजारसमेत रु.५ करोड ९२ लाख ८६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कार्य सम्पादन स्थिति –** वार्षिक स्वीकृत कार्यक्रमबमोजिम मन्त्रालयको कार्यक्षेत्र अन्तर्गतका विविध ऐन, नियम, कार्यविधिलगायतका कानुनको निर्माण गर्नुपर्ने उल्लेख छ । मन्त्रालयका लागि आवश्यक कानुनको पहिचान गरी निर्माण गरेको देखिएन साथै प्रादेशिक शिक्षक आयोगसम्बन्धी संरचनाको कार्य गरेको पाइएन ।

२. **कार्य जिम्मवारी –** मन्त्रालयले सम्पादन गर्नुपर्ने गरी विभिन्न कार्य जिम्मेवारीहरु तोकिएकोमध्ये प्रदेशस्तरको उच्च शिक्षासम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन, प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन लगायतका कार्य बाँकी रहेको देखिन्छ ।

३. **प्रदेश स्वास्थ्य सेवा –** प्रत्येक नागरिकलाई राज्यबाट स्वास्थ्य सेवा निःशुल्क प्राप्त हुने एवम् स्वास्थ्य सेवामा समान पहुँच प्राप्त हुने उल्लेख छ । नागरिकलाई स्वस्थ बनाउन प्रदेशले स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्ने एवम् गुणस्तरीय, सहज, सुलभ स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्नुपर्ने अधिकारसमेत किटान गरेको छ । प्रदेशभित्रको स्वास्थ्य संस्थाको सञ्चालन नतिजा, औषधि वितरण, औषधि खरिदलगायत निरोधात्मक, उपचारात्मक र प्रतिरोधात्मक स्वास्थ्य सेवाको लागि प्रदेश सरकारको भूमिका महत्वपूर्ण रहेको छ । जनसंख्याको अनुपात अनुरुप स्वास्थ्य संस्थाहरुको न्यायोचित वितरण, निःशुल्क औषधी वितरण, सेवा प्रवाहको नियमित नियमन र अनुगमन, स्वास्थ्य वीमा, सहयोगको परिचालन तथा उपयोग प्रभावकारी बनाउन प्रदेशबाट समन्वय समेत गर्नुपर्ने व्यवस्था छ । दक्ष स्वास्थ्यकर्मी तथा अत्याधुनिक प्रविधि र उपकरणहरुको उपलब्धता, प्रदेशका जनताहरुको स्वास्थ्य सेवा र पोषणको महत्वबारे बढ्दो जागरण गराउनु पनि प्रदेश सरकारको भूमिका रहने उल्लेख छ । यस सम्बन्धी कार्य भएको देखिएन ।

४. **दरबन्दी र पदपूर्ति –** मन्त्रालयलाई तोकेको जिम्मेवारी पूरा गर्न आवश्यकतानुसार कर्मचारीको दरबन्दी स्वीकृत गरी पदपूर्ति हुनुपर्नेमा मन्त्रालयको स्वीकृत दरबन्दी ६८ मध्ये ४६ पदपूर्ति भएको छ । मातहत कार्यालय २६ मा ३८७ दरबन्दीमध्ये २५९ पदपूर्ति भएको र १० कार्यालयको दरबन्दी र पदपूर्ति अद्यावधिक गरेको छैन ।

५. **सोझै खरिद–** मन्त्रालयको लागि रु.१ करोड ६५ लाख पुँजीगत बजेट प्राप्त भएकोमा रु.७४ लाख ९६ हजार खर्च भएको देखिन्छ । खर्चमध्ये फर्निचर रु.१९ लाख ९८ हजार, सवारी साधन रु.९ लाख ९७ हजार, कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेशिनलगायतको मेशिनरी औजार रु.१९ लाख ९९ हजार र अध्ययन अनुसन्धान कार्यमा रु.१९ लाख ९१ हजार खरिद गरेको छ । उक्त खरिद मध्ये फर्निचर र मेशिनरी औजार सोझै खरिद गरेको एवं सवारी साधन क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको छ । सार्वजनिक खरिद ऐन र नियमावलीबमोजिम बोलपत्रको माध्यमबाट पर्याप्त प्रतिस्पर्धा हुने गरी मितव्ययी तरिकाबाट खरिद कार्य गर्नुपर्दछ ।

६. **सेवा प्रवाह –**राज्यबाट जनताले पाउने सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउने उद्देश्यले अङ्गीकार गरिएको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ । मन्त्रालयको यो वर्ष कार्यक्रमतर्फ स्वीकृत बजेटमध्ये चालुतर्फ ७२.७४ प्रतिशत र पुँजिगततर्फ ४४.९० प्रतिशत मात्र खर्च गरेको छ । स्वीकृत दरबन्दी पदपूर्ति हुन नसकेको कारण मन्त्रालयको सेवा प्रवाह तथा कार्य सम्पादनमा असर पर्ने अवस्था रहेको देखिन्छ । मन्त्रालयस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण लगायत सेवा प्रवाहलाई नियमित र व्यवस्थित गर्ने नीति, मापदण्ड एवं कार्यविधि निर्माणको कार्य बाँकी

रहेको एवं सेवाग्राही सन्तुष्टी तथा सेवा प्रवाहको अनुगमनलगायतको कार्य हुन बाँकी रहेको कारण मन्त्रालयबाट अपेक्षितरुपमा सेवा प्रवाह हुन सकेको देखिएन । मन्त्रालयको संस्थागत, प्राविधिक र श्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनु पर्दछ ।

७. **आन्तरिक नियन्त्रण –** आन्तरिक नियन्त्रणसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुनबमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्दछ । मन्त्रालयले आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । कार्य प्रकृतिअनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति –** मन्त्रालयको लेखापरीक्षणबाट लगती बेरुजू रु.४७ लाख ७० हजार देखिएको छ । यससम्बन्धी विवरण **अनुसूची-३** मा रहेको छ ।

# मुख्य न्यायाधिवक्ताको कार्यालय

प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको संविधान वा कानुनको व्याख्या सम्बन्धी कुनै जटील संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारकोतर्फबाट अदालतमा उपस्थित भई वहस पैरवी गर्ने, गराउने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.२४ लाख ४४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षण गर्दा वेरुजू देखिएको छैन ।

# परिच्छेद ४
# प्रतिवेदन कार्यान्वयनको स्थिति

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५(२) बमोजिम महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औल्याइएका बेरुजूका सम्बन्धमा सो बेरुजूको सूचना प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिएबमोजिम फछ्र्यौट तथा सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनु पर्ने व्यवस्थाअनुसार बेरुजूको कारबाहीको विवरण प्राप्त भएको छ ।

| सि.नं. | निकायको विवरण | प्रारम्भिक प्रतिवेदन दिएको मिति | प्रतिक्रिया प्राप्त | फछ्र्यौट | अन्तिम प्रतिवेदन जारी मिति |
|---|---|---|---|---|---|
| १ | प्रदेश सभा सचिवालय | २०७५/१०/६ | ० | ० | २०७५/१२/५ |
| २ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०७५/१०/६ | २०७५/११/३० | ० | २०७५/१२/५ |
| ३ | आर्थिक मामिला तथा योजना मन्त्रालय | २०७५/१०/६ | ० | ० | २०७५/१२/५ |
| ४ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | २०७५/१०/६ | ० | ० | २०७५/१२/५ |
| ५ | उद्योग, पर्यटन वन तथा वातावरण | २०७५/१०/६ | ० | ० | २०७५/१२/५ |
| ६ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २०७५/१०/६ | ० | ० | २०७५/१२/५ |
| ७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | २०७५/१०/६ | ० | ० | २०७५/१२/५ |
| ८ | सामाजिक विकास मन्त्रालय | २०७५/१०/६ | ० | ० | २०७५/१२/५ |
| ९ | प्रदेश लेखा नियन्त्रक कार्यालय | २०७५/१०/६ | २०७५/१२/०१ | ० | २०७५/१२/५ |

# परिच्छेद ५
# सुधारका क्षेत्रहरु

१. **बजेट कार्यान्वयन -** बजेट तर्जुमा, कार्यान्वयन र खर्च व्यवस्थापनमा सुधार गर्दै बजेट विनियोजन, खर्च र उपलब्धिलाई कार्य सम्पादन मूल्याङ्कनसँग आवद्ध गर्नुपर्दछ । चालुखर्च नियन्त्रण गर्न मितव्ययितासम्बन्धी निर्देशिका र मापदण्ड बनाई लागु गर्ने, अनुत्पादक खर्च नियन्त्रण गर्ने र आयोजना व्यवस्थापनमा सुधार गरी पुँजीगत खर्च वृद्धि गर्नुपर्दछ । प्रदेश सञ्चित कोषबाट प्रदान गरिने सबै प्रकारका अनुदान रकमको उपयोग सम्बन्धमा अनुगमन गरी रकमको सदुपयोग सम्बन्धमा यकिन गर्नुपर्दछ ।

२. **आयोजना व्यवस्थापन -** संभाव्यता अध्ययन, आयोजना छनौट, बजेट तथा कार्यक्रम स्वीकृति, कार्यान्वयन, सुपरिवेक्षण, अनुगमन मूल्याङ्कनलगायत विभिन्न चरणमा ध्यान दिर्दै आयोजना सञ्चालन गर्नुपर्दछ । प्रदेश गौरवका आयोजना र पहिलो प्राथमिकताका आयोजनाको छनौट गरी पुँजीगत खर्चलाई उपलब्धिमूलक क्षेत्रमा खर्च हुने व्यवस्था मिलाउनु पर्दछ ।

३. **सार्वजनिक खरिद -** सार्वजनिक निकायले खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना बनाई प्रतिस्पर्धात्मक रुपमा खरिद कार्य गराउनु पर्दछ । खरिद योजनाको कडाइका साथ पालना गर्नुपर्दछ । परामर्श सेवा र डिजाइन एण्ड बिल्ट प्रक्रियाबाट गरिने खरिद कार्यको लागत अनुमान तयार गर्ने नर्म्स वा आधार निर्धारण गर्नुपर्ने देखिन्छ ।

४. **राजस्व संकलन -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश सरकारको अधिकार क्षेत्र पर्ने घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्कलगायतका क्षेत्र परिचालन गरी राजस्व संकलन गर्नुपर्दछ ।

५. **सगंठनात्मक व्यवस्था र सेवा प्रवाह -** सार्वजनिक स्रोत र साधनको अधिकतम उपयोग गरी सेवा प्रवाहलाई मितव्ययी, प्रभावकारी र दक्षतापूर्वक सञ्चालन गर्न चक्रीय समय प्रणाली, टोकन प्रणाली, एकद्वार सेवा प्रणाली र हेल्पडेस्क प्रणाली कार्यान्वयनमा ल्याउन आवश्यक व्यवस्था मिलाउनुपर्दछ । सेवाग्राहीको समय र लागत घटाउन विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाउनुपर्दछ । साथै विद्युतीय प्रणालीबाट भुक्तानी गरी सेवा प्राप्त गर्ने प्रक्रिया अवलम्बन गरिनुपर्दछ । यसैगरि सबै तहबाट प्रवाह हुने सेवालाई व्यवस्थित गर्ने, घुम्ती सेवा प्रदान गर्ने, सेवा मापदण्ड निर्धारण गर्ने, अनुगमन संयन्त्र बनाउने र गुनासो सुनुवाई सयन्त्रको व्यवस्था र आवधिकरुपमा सार्वजनिक सुनुवाई गर्ने प्रक्रिया अवलम्बन गर्नुपर्दछ ।

६. **लेखाङ्कन तथा प्रतिवेदन प्रणाली -** सार्वजनिक निकायको लेखा प्रणाली, लेखा ढाँचाको स्वीकृति तथा वित्तीय प्रतिवेदन प्रणालीमा समयसापेक्ष सुधार गरी सार्वजनिक कोषको पारदर्शिता र विश्वसनीयता प्रवर्द्धन गर्न सार्वजनिक क्षेत्रको लागि नेपाल सार्वजनिक क्षेत्र लेखामान (नेप्सास) प्रदेश तहमासमेत कार्यान्वयनमा ल्याउनु पर्दछ । प्रदेश तहको सञ्चित कोष हिसाब तयार गर्ने ढाँचा लगायत प्रदेश तहमा प्रयोग हुने लेखाको ढाँचा महालेखापरीक्षकबाट स्वीकृत गराई लागु गर्नु पर्दछ ।

७. **आन्तरिक नियन्त्रण प्रणाली -** आन्तरिक नियन्त्रणसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गर्ने कार्य मितव्ययी, कार्यदक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुन बमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्दछ ।

८. **प्रदेश कानुन -** संविधानको धारा ५७(६) मा प्रदेश सभाले कानुन बनाउँदा संघीय कानुनसँग नबाझिने गरी बनाउनु पर्ने र संघीय कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने उल्लेख भएकोले प्रदेशबाट निर्माण हुने कानुन संघीय कानुनसँग सामन्जस्यता हुने गरी निर्माण गर्नुपर्दछ ।

९. **प्रदेश तहको वित्तीय व्यवस्थापन -** प्रदेश तहको वित्तीय व्यवस्थापनमा सुधार गर्न खर्च व्यवस्थापनमा सुधार गर्दै बजेट विनियोजन, खर्च र उपलब्धिलाई कार्य सम्पादन मूल्यांकनसँग आवद्ध गर्ने, अनुत्पादक खर्च नियन्त्रण गर्ने, प्रदेश गौरवका आयोजना र प्राथमिकता प्राप्त आयोजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । नेपालको संविधान बमोजिम प्रदेशस्तरबाट निर्माण हुने कानून संघीय कानूनसँग सामन्जस्यता हुने गरी निर्माण गर्ने र सबै पदाधिकारीहरुको सेवा सुविधा सम्बन्धमा एकरुपता हुने गरी मापदण्ड तयार गरी लागु गर्नुपर्दछ । प्रचलित

कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्ने र सेवाग्राहीको समय र लागत घटाउन उपयुक्त सेवा प्रवाह प्रणालीको अवलम्बन गर्नुपर्दछ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम अधिकार क्षेत्र अन्तर्गत पर्ने विषयमा राजस्व संकलनलाई प्रभावकारी बनाउनुपर्दछ । महालेखापरीक्षकको स्वीकृत ढाँचामा प्रदेश तहको संचित कोष हिसाब तयार गर्ने, प्रदेश तहको वार्षिक लेखापरीक्षण प्रतिवेदन प्रदेश सभा मार्फत विषयगत सार्वजनिक लेखा समितिमा प्रस्तुत गरी छलफल गर्ने व्यबस्था मिलाउनु पर्दछ ।

अनुसूची- १

## लेखापरीक्षण गरिएका कार्यालयहरुको विवरण
**(विनियोजन, राजस्व, धरौटी र अन्य कारोवार)**

(रु. हजारमा)

| क्र.सं. | मन्त्रालय र निकायको नाम | कार्यालय संख्या | बेरुजू भएका कार्यालय संख्या | बेरुजू रकम |
|---|---|---|---|---|
| १. | प्रदेश सभा सचिवालय | १ | १ | ६६७ |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ | १ | ८० |
| ३. | आर्थिक मामिला तथा योजना मन्त्रालय | २ | १ | ५८ |
| ४. | आन्तरिक मामिला तथा कानुन मन्त्रलय | १ | १ | ६९ |
| ५. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १ | १ | ३०१ |
| ६. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १ | ० | सैद्धान्तिक |
| ७. | भौतिक पूर्वाधार विकास मन्त्रालय | १ | १ | १४ |
| ८. | सामाजिक विकास मन्त्रालय | १ | १ | ४७७० |
| ९. | मुख्य न्यायाधिवक्ताको कार्यालय | १ | ० | - |
| | **जम्मा** | **१०** | **७** | **५९५९** |

अनुसूची –२

# लेखापरीक्षण रकम

(रु हजारमा)

| क.सं | मन्त्रालय / निकायको नाम | विनियोजन | | | | राजस्व | | | | धरौटी | | | | अन्य कारोवार | | | | लेखापरीक्षण सम्पन्न रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लेखापरीक्षण गर्नुपर्ने | | सम्पन्न | | लेखापरीक्षण गर्नुपर्ने | | सम्पन्न | | लेखापरीक्षण गर्नुपर्ने | | सम्पन्न | | लेखापरीक्षण गर्नुपर्ने | | सम्पन्न | | |
| | | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | |
| १. | प्रदेश सभा सचिवालय | १ | ८१४३५ | १ | ५०९८६ | १ | १२ | १ | १२ | १ | ५१९ | १ | ५१९ | ० | ० | ० | ० | ५१५१७ |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ | ३८९०३ | १ | २८८६१ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २८८६१ |
| ३. | आर्थिक मामिला तथा योजना मन्त्रालय | २ | ५९१०० | २ | १६२४७ | १ | १५ | १ | १५ | १ | २३७ | १ | २३७ | ० | ० | ० | ० | १६४९९ |
| ४. | आन्तरिक मामिला तथा कानुन मन्त्रलय | १ | ३५५२८ | १ | १३१२१ | १ | ६ | १ | ६ | १ | २४३ | १ | २४३ | ० | ० | ० | ० | १३३७० |
| ५. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १ | ५४४९४ | १ | ३३९५७ | ० | ० | ० | ० | १ | ९३ | १ | ९३ | ० | ० | ० | ० | ३४०५० |
| ६. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १ | ६१६७८ | १ | २७७५० | ० | ० | ० | ० | १ | ९५ | १ | ९५ | ० | ० | ० | ० | २७८४५ |
| ७. | भौतिक पूर्वाधार विकास मन्त्रालय | १ | ५६०८५ | १ | २७३५४ | १ | २३१ | १ | २३१ | १ | ४४८ | १ | ४४८ | ० | ० | ० | ० | २८०३३ |
| ८. | सामाजिक विकास मन्त्रालय | १ | ८७५५५ | १ | ५९०९७ | १ | ६ | १ | ६ | १ | १८३ | १ | १८३ | ० | ० | ० | ० | ५९२८६ |
| ९. | मुख्य न्यायाधिवक्ताको कार्यालय | १ | ७१८४ | १ | २४४४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २४४४ |
| | **जम्मा** | **१०** | **४८१९६२** | **१०** | **२५९८१७** | **५** | **२७०** | **५** | **२७०** | **७** | **१८१८** | **७** | **१८१८** | **०** | **०** | **०** | **०** | **२६१९०५** |

**अनुसूची –३**

# बेरुजू वर्गीकरण
# विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार

(रु हजारमा)

| क्रस | मन्त्रालय/ निकायको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | असुल गर्नुपर्ने | | नियमित गर्नुपर्ने | | | | पेश्की | | |
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी पेश्की | अन्य पेश्की | जम्मा |
| | | सैद्धान्तिक | लगति | | सैद्धान्तिक | लगति | | सैद्धान्तिक | लगति | | | | | | | | | | |
| १. | प्रदेश सभा सचिवालय | १५ | १ | ६६७ | ० | ० | ० | १५ | १ | ६६७ | ० | ६६७ | ० | ० | ० | ६६७ | ० | ० | ० |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ९ | १ | ८० | ० | ० | ० | ९ | १ | ८० | ० | ० | ८० | ० | ० | ८० | ० | ० | ० |
| ३. | आर्थिक मामिला तथा योजना मन्त्रालय | १८ | १ | ५८ | ० | ० | ० | १८ | १ | ५८ | ० | ५८ | ० | ० | ० | ५८ | ० | ० | ० |
| ४. | आन्तरिक मामिला तथा कानुन मन्त्रलय | ११ | १ | ६९ | ० | ० | ० | ११ | १ | ६९ | ० | ६९ | ० | ० | ० | ६९ | ० | ० | ० |
| ५. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ११ | ३ | ३०१ | ० | ० | ० | ११ | ३ | ३०१ | ० | १७ | २८४ | ० | ० | ३०१ | ० | ० | ० |
| ६. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १० | ० | ० | ० | ० | ० | १० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ७. | भौतिक पूर्वाधार विकास मन्त्रालय | १० | १ | १४ | ० | ० | ० | १० | १ | १४ | ० | १४ | ० | ० | ० | १४ | ० | ० | ० |
| ८. | सामाजिक विकास मन्त्रालय | ११ | २ | ४७७० | ० | ० | ० | ११ | २ | ४७७० | ० | ० | ४७७० | ० | ० | ४७७० | ० | ० | ० |
| ९. | मुख्य न्यायाधिवक्ताको कार्यालय | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | **कुल जम्मा** | **९५** | **१०** | **५९५९** | **०** | **०** | **०** | **९५** | **१०** | **५९५९** | **०** | **८२५** | **५१३४** | **०** | **०** | **५९५९** | **०** | **०** | **०** |

**अनुसूची -४**

## लेखाउत्तरदायी अधिकृतहरुको विवरण र सो अवधिको बेरुजूको स्थिति

(रकम रु हजारमा)

| क्र.सं. | मन्त्रालय/निकायको नाम | लेखाउत्तरदायी अधिकृतहरुको नामवली | अवधि | आ.व. २०७४/७५ को कुल बेरुजू | लेखापरीक्षण अंकको तुलनामा बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|
| १. | प्रदेश सभा सचिवालय | सचिव श्री बालाराम शर्मा | २०७४/१०/२७ -२०७५/३/३२ | ६६७ | १.२९ |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रमुख सचिव श्री लक्ष्मीराम पौडेल | २०७४/१०/२० -०७५/३/३२ | ८० | ०.२८ |
| ३. | आर्थिक मामिला तथा योजना मन्त्रालय | सचिव श्री शंकर कृष्ण श्रेष्ठ | २०७४/११/२ - २०७५/३/३२ | ५८ | ०.५१ |
| ४. | आन्तरिक मामिला तथा कानुन मन्त्रलय | सचिव श्री पिताम्वर घिमिरे | २०७४/१०/२१ - २०७५/३/२० | ६९ | ०.५१ |
| | | सचिव श्री शंकर अर्याल | २०७५/३/२१ -२०७५/३/३२ | | |
| ५. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सचिव श्री सुधीर कुमार कोइराला | २०७४/१०/६ -२०७५/३/३२ | ३०१ | ०.८८ |
| ६. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सचिव श्री हरिहर अधिकारी | २०७४/१०/२३ -२०७५/३/३२ | ० | सैद्धान्तिक |
| ७. | भौतिक पूर्वाधार विकास मन्त्रालय | सचिव श्री राजन राज पाण्डे | २०७४/१२/२१ -२०७५/२/१८ | १४ | ०.०५ |
| | | सचिव श्री इन्द्रदेव भट्ट | २०७५/२/२१ -२०७५/३/३२ | | |
| ८. | सामाजिक विकास मन्त्रालय | निमित्त सचिव श्री चेतराज पन्त | २०७४/१२/६ -२०७५/२/२२ | ४७७० | ८.०४ |
| | | सचिव श्री गोगन बहादुर हमाल | २०७५/२/२३ -२०७५/३/३२ | | |
| ९. | मुख्य न्यायाधिवक्ताको कार्यालय | नि.मुख्य न्यायाधिवक्ता श्री विष्णु प्रसाद पौडेल | २०७५/२/२२ -२०७५/३/३२ | ० | - |

प्रदेश सरकार, सुदूरपश्चिम प्रदेश
आर्थिक वर्ष २०७४/७५ को सञ्चित कोषको अवस्था

| विवरण | रकम रू. |
|---|---|
| समानीकरण अनुदान | १,०२०,५००,०००.०० |
| **(क) प्राप्ति** | **१,०२०,५००,०००.००** |
| चालु | १६५,८१७,२६९.३९ |
| पुँजीगत | ९३,९९९,४०३.५० |
| वितीय व्यवस्था | |
| भुक्तानी हुन बाँकी चेक | |
| **(ख) भुक्तानी** | **२५९,८१६,६७२.८९** |
| **(ग) स्रेस्ता अनुसार कोषको मौज्दात [ क - ख ]** | **७६०,६८३,३२७.११** |
| **(घ) बैंक अनुसार प्र क १-१ संचित कोष मिलान खाता मौज्दात (२०७५ आषाढ मसान्त)** | **०.००** |
| **(ङ) फरक [ ग - घ ]** | **७६०,६८३,३२७.११** |

**फरक रकमको पुष्ट्याँई**

| | |
|---|---|
| प्र क १-३ राजश्व तथा अनुदान खातामा रही प्र क १-१ मा ट्रान्सफर गर्न बाँकी | १,०२०,५००,०००.०० |
| प्र क ५ समायोजन खाताबाट प्र क १-१ मा ट्रान्सफर गर्न बाँकी रकम | -२५९,८१६,६७२.८९ |
| **जम्मा** | **७६०,६८३,३२७.११** |

प्रदेश लेखा नियन्त्रक

# लेखापरीक्षण अन्तरक्रिया तथा छलफल कार्यक्रमसँग सम्बन्धित तस्वीरहरु



*सुदूरपश्चिम प्रदेशका माननीय प्रदेश प्रमुख श्री मोहनराज मल्ल र माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल सहितका पदाधिकारीहरु*



*सुदूरपश्चिम प्रदेशका माननीय मुख्यमन्त्री त्रिलोचन भट्ट, मन्त्रीहरु र माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल सहितका पदाधिकारीहरु*




*माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल र प्रदेश सभाका सभामुख श्री अर्जुन बहादुर थापा सहितका पदाधिकारीहरु*




*लेखापरीक्षण सम्बन्धी अन्तरक्रिया कार्यक्रममा सुदूरपश्चिम प्रदेशका माननीय मुख्यमन्त्री श्री त्रिलोचन भट्ट र माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल सहितका पदाधिकारीहरु*